जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक २३, २०७९ साल मंसिर ९ गते शुक्रबार, नेपाल संवत् ११४३ (Nov. 25, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सिड्नीमा नेपाली महोत्सव

काठमाडौं । गैर आवासीय नेपाली संघ (एनआरएनए) न्यू साउथ वेल्सको आयोजनामा अस्ट्रेलियाको सिड्नीमा नेपाली महोत्सव सम्पन्न भएको छ। बरउड पार्कबाट नेपाली कला, संस्कृति, परम्परा झल्काउने नाँच, झाँकी तथा रथयात्रासहित सुरु भएको महोत्वसमा व्यावसायिक तथा सांस्कृतिक स्टलहरू राखिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै अस्ट्रेलियाका लागि नेपाली राजदूत कैलाशराज पोखरेलले एनआरएनएनले आयोजना गरेको नेपाली फेस्टिबलले अस्ट्रेलियामा नेपाली भाषा, कला, संस्कृतिको जग बाँकी ८ पेजमा

## समानुपातिकमा कसको मत कति ?

काठमाडौं । प्रतिनिधिसभा समानुपातिकतर्फ नेकपा (एमाले) ले चार लाख मतभन्दा बढी मत ल्याएको छ। निर्वाचन आयोगले अद्यावधिक गरेको तथ्याङ्कअनुसार एमालेले चार लाख ५२ हजार सात सय ३० मत प्राप्त गरेको छ ।

त्यसैगरी नेपाली कांग्रेसले चार लाख १६ हजार एक सय ८४ मत ल्याएको छ। अहिलेसम्म राष्ट्रिय स्वतन्त्र पार्टीले दुई लाख ३४ हजार सात सय ४७ मतसहित तेस्रो स्थानमा रहेको छ। नेकपा (माओवादी केन्द्र) ले एक लाख ९२ हजार सात सय ४२ मत ल्याएको छ । त्यस्तै राष्ट्रिय बाँकी ८ पेजमा

# मुलुक फेरि अनिश्चितताको भुमरीमा

काठमाडौं । खाइपाइ आएका शीर्ष भनिने दलहरूलाई अनपेक्षित नतिजा दिँदै आमनिर्वाचन २०७९ ले बिदा लिँदैछ । सम्पूर्ण रुपमा निर्वाचन परिणाम सार्वजनिक भइसकेको छैन तर पनि प्रारम्भिक नतिजालाई विश्लेषण गर्दा यस प्रकारको मतदाताहरूको रोजाइलाई सायदै कुनै पनि दलले अनुमान गरेका थिए । गठबन्धन दलहरूले आफ्नो पक्षमा बहुमत आउने प्रक्षेपण गरेका थिए भने एमाले अध्यक्ष केपी शर्मा ओली एमालेको १५० सिट आउँछ र फेरि कार्यकारी प्रमुखको रुपमा बालुवाटार 'इनिङ' गरिन्छ भन्दै कुर्लिएका थिए । यद्यपि अरु प्रमुख पार्टीहरू एकातिर हुँदा पनि एमाले दोस्रो शक्तिका रुपमा आउनु भनेको उसको वर्चस्वको मानक स्थिति हो ।

निर्वाचन परिणामले दशवर्षे हिंसात्मक आन्दोलनबाट शान्तिपूर्ण प्रतिस्पर्धात्मक राजनीतिमा आएको माओवादी केन्द्रलाई भने गतिलै झट्का दिएको छ। माओवादी केन्द्रलाई अस्तित्व रक्षाको अवस्थामा मतदाताहरूले खुम्च्याई दिएका छन् । एमाले फुटाएर एकीकृत समाजवादीको नयाँ घर गरेका माधव नेपालको राजनीति पनि लगभग विश्रामको नजिक पुग्ने संकेत देखिएको छ ।

निर्वाचन परिणामले पाँचदलीय सत्ताधारी गठबन्धनको अवस्था कमजोर देखाउँदैछ। सुविधाजनक बहुमत पुग्न पनि हम्मे हम्मे पर्ने देखिँदैछ। पहिलो शक्ति नेपाली कांग्रेस तेस्रो शक्ति माओवादी केन्द्र, चौथो शक्ति एकीकृत समाजवादी पार्टीका अतिरिक्त लोसपा र राष्ट्रिय जनमोर्चा समेत एक ठाउँमा उभिएर निर्वाचनमा होमिँदा दुईतिहाई बहुमत हासिल हुनुपर्ने थियो तर सामान्य बहुमत पुऱ्याउन पनि धौ धौ पर्नु भनेको एक प्रकारले पराजय नै हो । कस्ता उम्मेदवारलाई मतदाताले मन पराउँछन् ? भन्ने भन्दा पनि हामीले अघि सारेका उम्मेदवारलाई मतदाताले भोट दिइहाल्छन् नि भन्ने सोच गठबन्धनका शीर्ष नेताहरूमा देखिँदा यस्तो निराशाजनक परिणाम देखिएको विश्लेषण गर्न सकिन्छ। चुनाव जित्ने



मुख्य अस्त्र गठबन्धन मात्रै होइन, युवाहरूलाई उम्मेदवारका रुपमा अघि सार्नु पनि हो भन्ने सवक यसपटकको आम निर्वाचनले सबै दलहरूलाई सिकाएको छ ।

नेपालको राष्ट्रिय राजनीतिमा केही परिवर्तित परिदृश्यहरू देखिँदैछन् भने पुरानै पार्टीको परम्पराको नियमितता कायम रहने स्थिति समेत छ। पाँच महिना अघि मात्र गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीले ठूला पार्टीहरूको अंक गणितलाई नै बिथोल्ने देखिएको छ। सत्तामा पुगेका राजनीतिक पार्टीहरूले आर्थिक विकासका निम्ति काम गर्न नसकेको, मुलुकमा भ्रष्टाचार संस्थागत भएको, महँगीले आकाश छोएको, कुशासनले जनता प्रताडित भएका अवस्थामा भ्रष्टाचार अन्त्य गर्छौं, आर्थिक विकासका क्रियकलापलाई मुख्य प्राथमिकतामा राख्छौं भन्ने नारा अगाडि सारेर युवाहरूलाई उम्मेदवार बनाएकै कारण राष्ट्रिय स्वतन्त्र पार्टीले कल्पनै नगरेको सफलता प्राप्त गरेको हो । यस पार्टीका उम्मेदवारहरू विशेषत: घना आवादी भएका सहरहरूमा छाएका छन्। जहाँ शिक्षित र सभ्य भनिने मानिसहरूको बसोबास छ। देशको संघीय राजधानी काठमाडौंमै कांग्रेस, एमाले, माओवादी केन्द्रजस्ता दलहरूलाई मतदाताहरूले घाइते बनाउँदै स्वतन्त्र पार्टीका उम्मेदवारलाई जितको माला पहिराइदिएका छन् । यसले मतदाताहरूले बासी अनुहार नरुचाएको र नयाँ अनुहार चाहेको प्रस्ट पारेको छ। स्वतन्त्र पार्टीको विचार सिद्धान्त र दर्शन के हो ? मतदाताले सोध्न चाहेनन् ? देश विकासको आर्थिक अवधारणा यस पार्टीको कस्तो छ ? खोजी गर्न चाहेनन् । स्वतन्त्र पार्टीको उपस्थिति पानीको फोका कतै हुने हो कि ? भन्ने चिन्ता पनि मतदातामा देखिएन ।

निर्वाचन परिणामले मधेसको राजनीतिमा पनि हलचल ल्याइदिएको छ। मधेस विखण्डनको राजनीतिलाई त्यागेर मूलधारको राजनीतिमा आएका सिके राउतले मधेसका मसिहा भनिने उपेन्द्र यादवलाई धुलो चटाइदिए । गौर नरसंहारका खलनायक यादव मधेस र मधेसीलाई भजाएर डेढ दशकसम्म राजनीतिक मस्ती गर्न सफल रहे। संविधान जलाए तर यही संविधान मुताविक बनेको सरकारमा सहभागी भए। यस्ता अनैतिक व्यक्तिलाई अहिले बल्ल मधेसी जनताले थान्को लगाइदिएका छन् । सडकमा उत्रिएका यादव तिनै ओलीसँग चुनावी तालमेल गर्न पुगे। यिनको अवसरवादितालाई यसपालि भने मधेसका जनताले राम्ररी चिने र पछारिदिए । यतिबेला मधेसमा जनमत पार्टीको जबर्जस्त उपस्थिति देखिएको छ। यसले मधेसी जनताले विकल्प रोजेको विश्लेषण गरिँदैछ। मधेस र मधेसी जनताका नाममा सत्ता चास्नीमा डुब्ने उपेन्द्र, राजेन्द्र महतो, महन्थ ठाकुर, अनिल झाहरूलाई राम्रै सवक सिकाइदिएको छ ।

पश्चिम तराईमा बाँकी ८ पेजमा


## उपत्यकामा माओवादी पत्तासाफ



काठमाडौं । सत्ता गठबन्धनको प्रमुख घटक नेकपा माओवादी केन्द्र काठमाडौंमा शून्य हुने अवस्थामा पुगेको छ । प्रतिनिधिसभा सदस्यका लागि उपत्यकामा माओवादी केन्द्रले १५ मध्ये ७ क्षेत्रमा उम्मेदवार उठाएको थियो । तीमध्ये पाँच क्षेत्रमा माओवादी केन्द्र पराजित भइसकेको छ । बाँकी दुई क्षेत्रमा पनि हार्ने निश्चित देखिएको छ ।

काठमाडौं-२ मा माओवादीकी ओनसरी घर्ती मगर चौथो भइन् । उनी यस क्षेत्रबाट सांसदमा निर्वाचित भएकी राष्ट्रिय स्वतन्त्र पार्र्टीकी सोविता गौतमसँग ६ हजारभन्दा बढी मतले पछाडि परेकी छन् । मगरले ९ हजार ४ सय ४९ ल्याउ''दा गौतमले १५ हजार २ सय २९ मत ल्याएकी छन् । मगर यसअघि दुईपटक समानुपातिक र बाँकी ८ पेजमा

## ठूला दललाई राष्ट्रिय स्वतन्त्र पार्टीको धक्का



काठमाडौं । पाँच महिनाअघिमात्रै स्थापना भएको पूर्वसञ्चारकर्मी रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अप्रत्यासित चुनावी परिणाम ल्याउँदा स्थापित दलहरूलाई ठूलो धक्का लागेको छ । पुराना दलमा लामो समय काम गरेर अनुभव बटुलेका र राजनीतिमा स्थापित भइसकेका अनुहारहरू नै फराकिलो मतान्तरले हारेका छन् । अहिलेको प्रविधि र आधुनिक समाजको चरित्र बोकेका युवाहरूले सानो संगठन, कमजोर तयारी र पहिलो प्रयासमै चुनाव जितेका छन् ।

स्वतन्त्र पार्टीले काठमाडौं उपत्यकाका १५ निर्वाचन क्षेत्रमध्ये ५ क्षेत्रमा जित निकालेको छ । काठमाडौं-२ मा सोविता गौतम, ६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली, ८ मा विराजभक्त श्रेष्ठ र ललितपुर-३ मा तोसिमा कार्कीले जितेकी छन् । यी क्षेत्रमा कांग्रेस र माओवादी केन्द्रसहित चार दलीय गठबन्धनबाट उम्मेदवार बनेका बहालवाला मन्त्री जीवनराम श्रेष्ठदेखि पूर्वसभामुख ओनसरी घर्ती र पूर्वमन्त्री भीमसेनदास प्रधानसम्म फराकिलो मतान्तरले पराजित भएका हुन् ।

स्वतन्त्र पार्टीले चुनाव नजितेका क्षेत्रमा समेत उल्लेख्य मत पाएको छ । काठमाडौं-९ मा उपविजेता बनेको छ भने काठमाडौं-१, ३, ५ र १० तथा ललितपुर-१ र २ मा तेस्रो भएको छ । रास्वपाले नेपाली कांग्रेसले जित्दै आएको काठमाडौं-६ र पहिले नेकपा एमालेले जितेका काठमाडौं-२, ७ र ८ तथा माओवादी केन्द्रले जित्दै आएको ललितपुर-३ खोसेको हो ।

काठमाडौं-२ बाट ०७० र ०७४ मा माधवकुमार नेपालले एमालेबाटै चुनाव जितेका थिए । एमाले फुटाएर नेकपा एकीकृत समाजवादीको अध्यक्ष बनेका नेपाल यसपटक यहाँबाट उठेनन् । यहाँ नेपाल नेतृत्वको पार्टी एकीकृत समाजवादीसहितको सत्ता गठबन्धनबाट माओवादी केन्द्रकी पूर्वसभामुख ओनसरी घर्तीदेखि राप्रपाकी कुन्ती पोखरेलसम्म प्रतिस्पर्धी थिए । तर, चुनाव भने स्वतन्त्र पार्टीकी सोबिता गौतमले जितेकी छिन् ।

गौतमले १५ हजार बाँकी ८ पेजमा

## ब्याजदरमा केही लचिलो नीति लिने तयारी

काठमाडौं । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा आगामी साता गर्ने भएको छ । कात्तिक पहिलो साताभित्रै समीक्षा गर्ने तयारी गरे पनि चुनावका कारण केहि ढिलाई हुने भएको हो।

केन्द्रिय बैंकले आज शुक्रबार नै मौद्रिक नीतिको समीक्षा गर्ने तयारी गरे पनि भोलि भने समीक्षा नहुने केन्द्रिय बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशक प्रकाश श्रेष्ठले बताए । यस साता नभ्याएपछि केन्द्रिय बैंकले आगामी साताभित्र भने मौद्रिक नीतिको समीक्षा गर्ने तयारी गरिरहेको छ। मौद्रिक नीतिको समीक्षा कहिले गर्ने भनेर मिति भने नतोकिएको उनी बताउछन्। यस पटकको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा केन्द्रिय बैंकले तरलता सहज बनाउने नीति ल्याउने तयारीमा छ। अहिले ब्याजदर घटाउन चौतर्फी दबाब आइरहेको बेला त्यसलाई सम्बोधन गर्ने गरी समीक्षा गर्ने तयारी गरिएको छ। बाँकी ८ पेजमा

## मधेसमा जनमत पार्टीको उदय



काठमाडौं । दुई मधेसवादी दलप्रति मतदाताले मतमार्फत असन्तुष्टि देखाएका छन् । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा)प्रति मतदाताले असन्तुष्टि पोखेका छन् । यी दुई मधेसमा कमजोर देखिँदै गर्दा मतदाताले डा. चन्द्रकान्त राउत (सिके) नेतृत्वको जनमत पार्टीलाई अघि सारेका छन् । प्रतिनिधि तथा प्रदेशसभा सदस्यको मतगणना जारी नै छ ।

सार्वजनिक मत परिणामअनुसार जनमत पार्टीले मधेस प्रदेशको दुई सिटमा विजयी भएको छ । सप्तरी क्षेत्र २ प्रदेशसभातर्फको दुबै सिटमा जनमतका उम्मेदवार विजयी भएका छन् । सप्तरी-२ प्रदेशसभा क्षेत्र १ मा जनमत बाँकी ८ पेजमा

## ११ अर्ब भित्रियो २६ अर्ब बाहिरियो

काठमाडौं । साउन-असोज तीन महिनामा नेपाल भ्रमणमा आएका विदेशी पर्यटकबाट ११ अर्ब ४० करोड ५ लाख भित्रिँदा भ्रमणमा जाने नेपालीको खर्च २६ अर्ब ३ करोड ७ लाख पुगेको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार विदेशी पर्यटकले ल्याउनेभन्दा नेपालीले विदेश भ्रमणमा जाँदा लाने रकम बढेको छ । यो हिसाबले पर्यटक भ्रमणमा नेपाललाई तीन महिनामै १५ अर्ब घाटा भएको छ । यस्तो भ्रमणमा घाटा बाँकी ८ पेजमा

## बढ्यो बेरूजु रकम

काठमाडौं । आव ०७८/७९ को आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार असुल गर्नुपर्ने बेरुजु दोब्बर बढेको छ । अघिल्लो आर्थिक वर्षमा संघीय सरकारले गरेको कुल खर्चको २.०७ प्रतिशत रकम बेरुजु देखिएको छ। गत आव ०७८/७९ मा सरकारले कुल १३ खर्ब नौ अर्ब ८७ करोड खर्च गरेको थियो । जसमध्ये २७ अर्ब ११ करोड बेरुजु देखिएको हो । महालेखा नियन्त्रक कार्यालयले तयार पारेको गत आवको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले बेरुजु रकम बढेको बाँकी ८ पेजमा

## व्यापार घाटा ४ खर्ब ७७ अर्ब

काठमाडौं । चालु आर्थिक वर्षको कात्तिक मसान्त सम्ममा नेपालको व्यापार घाटा ४ खर्ब ७७ अर्ब ९१ करोड रुपैया पुगेको छ । यो अघिल्लो बर्षको तुलनामा १५ दशमलव ८८ प्रतिशत कम हो । अघिल्लो बर्षको कार्तिक मसान्त सम्म नेपालको व्यापार घाटा ५ खर्ब ६८ अर्ब १७ करोड रुपैया रहेको भन्सार विभागले बुधबार सार्वजनिक गरेको बैदेशिक व्यापारको तथ्यांक २०७९/८० मा उल्लेख छ ।

वैदेशिक व्यापारको हिस्सा पनि घटेको विभागले जनाएको छ । बाँकी ८ पेजमा

## सीमा सुरक्षामा भारतको चासो

**समय सन्दर्भ**

■ **बुद्धिनारायण श्रेष्ठ**

नेपाल-भारत सीमा सुरक्षा, व्यवस्थापन र समन्वयसम्बन्धी छैटौं बैठक केहीअघि काठमाडौंमा सम्पन्न भएको थियो । नेपालबाट सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल र भारतीय सीमा सुरक्षा बल (एसएसबी) का महानिर्देशक सुजोयलाल थाउसेनले आ-आफ्ना देशको प्रतिनिधिमण्डलको नेतृत्व गरेका थिए। बैठकको सिलसिलामा थाउसेनले 'नेपालले तेस्रो मुलुकका नागरिकलाई भारत प्रवेश र उनीहरूको अवैध गतिविधिमा रोक लगाउनुपर्ने' प्रस्ताव राखेका थिए । जवाफमा अर्यालले 'अहिलेसम्म शंकास्पद गतिविधिमा संलग्न रहेका तेस्रो मुलुकका नागरिक नेपालबाट भारततर्फ छिरेको छैन। बरु भारतमै अपराध गरेर नेपाल आएको गुनासो धेरै



आइरहेको छ' भनेका थिए ।

तर, भारतीय पक्ष नेपालको भनाइमा सहमत देखिएन। 'तेस्रो मुलुकका नागरिक नेपालबाट भारततर्फ पसेको देखिएकाले पाकिस्तानी र चिनियाँलाई जसरी पनि सीमामै रोक्नुपऱ्यो' भन्ने भारतको दबाबमूलक आग्रह आयो।

बैठकमा सहभागी एक डिआइजीका अनुसार चीन र पाकिस्तानका नागरिक नेपाल-भारत खुला सिमानाको उपयोग गर्दै अवैध गतिविधि गर्ने मनसायले भारत प्रवेश गरेको गुनासो भारतीय पक्षको रहेको थियो ।

कुरा यति मात्र होइन । महानिरीक्षक अर्यालसँग सशस्त्र प्रहरी बलको मुख्यालयमा भएको औपचारिक भेटमा महानिर्देशक थाउसेनले भनेका थिए- 'पाकिस्तान र चीनका नागरिक नेपाल-भारत सीमा क्षेत्रमा अवैध गतिविधि गरी भारततर्फ पस्ने गरेका छन्। उनीहरूलाई भारत छिर्न नदिन सशस्त्र प्रहरी बलको भूमिका हुनुपर्छ।' जवाफमा अर्यालले 'नेपाली भूमिबाट भारतविरोधी गतिविधि नभएको र तेस्रो मुलुकका मानिस भारततर्फ नपसेको' बताएका थिए ।

नेपालका तर्फबाट बैठकमा भारतबाट नेपालमा अवैध हतियार र लागुपदार्थको कारोबार बढेकाले नियन्त्रण गर्नुपर्ने प्रस्ताव राखिएको थियो। सशस्त्र महानिरीक्षक अर्यालले भारतबाट लागुपदार्थ आउने गरेको, अवैध तरिकाले ल्याइएको साना हतियार सशस्त्र प्रहरीले नियन्त्रणमा लिने गरेको, भारतमा अपराध गरेर नेपालमा लुक्न बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# देश फेरि यिनैको जिम्मा ?

काठमाडौं । मलेसियाली जनताले मलेसिया समृद्ध बनाउने डा. मोहम्मद महाथिरको कष्टप्रद राजनीतिक सत्कार्यलाई यसपटक सम्झिन चाहेनन् । नेपालमा ४ मंसिरका दिन आमनिर्वाचन हुँदै गर्दा त्यहाँका मतदाताले उनको जमानत नै जफत गरिदिए । यसको एउटै कारण थियो– महाथिरमा पलाएको सत्ता लिप्सा । त्यो पनि ९६ वर्षको जीवनको उत्तरार्द्ध उमेरमा । उनले नयाँ पुस्तालाई राजनीतिक हस्तान्तरण गर्न चाहेनन् । फेरि चुनाव जितेर प्रधानमन्त्री भइरहने नमरून्जेल । उनको यस्तो सत्ता मोहले त्यहाँका मतदातालाई लाजमर्दो बनायो । भर्खरै ब्रिटेनमा ४२ वर्षका ऋषि सुनक र फिनल्यान्डमा ३७ वर्षकी सारा प्रधानमन्त्रीमा निर्वाचित भएको मलेसियाली जनताले देखेका थिए । मर्ने बेलामा पनि बुढा महाथिरले फेरि सत्ताको लालच गरेपछि मतदाताहरूले उनलाई हराएर विश्राम लिन सुझाए ।

हाम्रोमा पनि यसपटकको आमनिर्वाचनमा सत्ता नछोड्ने, नेतृत्व पुस्तान्तरण गर्न नचाहने दलका बुढा नेताहरूलाई हराएर मलेसियाली जनताले जस्तै उदाहरण पेस गर्ने अपेक्षा गरिएको थियो । तर गणेशमान सिंहको भाषामा भेडा जनताले त्यसो गरेनन् । बरू उनीहरूलाई अत्यधिक मत दिएर पो जिताएर पठाए । आर्यघाट पुगुन्जेलसम्म पनि नेतृत्व नछोड्ने वृद्ध नेताहरू शेरबहादुर देउवा, पुष्पकमल दाहाल, केपी शर्मा ओली, माधवकुमार नेपाललाई निर्वाचनमा हराएर मलेसियाली जनताको जस्तै अन्तर्राष्ट्रिय रूपमा सन्देश प्रवाह गर्न नेपाली मतदाताले सकेनन् । ०४८ सालदेखि निरन्तर रूपमा टिकट लिने, चुनाव जित्ने संसद बनेर सेवा सुविधा खाने अनि गठबन्धन बनाएर सरकारको नेतृत्वमा बस्ने अरू युवापुस्तालाई कहिल्यै मौका नदिने यी वृद्ध महारथीहरूलाई चुनावमा मतदाताले जसरी पनि हराउनुपर्थ्यो । राजनीतिलाई विशुद्ध समाजसेवा होइन, पेसा व्यवसाय बनाएर आफू जागिर खाइरहने अनि आफ्ना आउरेबाउरेलाई पनि राज्यकोषबाट पालन पोषण गर्ने यी वृद्ध सदाबहार बडे नेताहरू निर्वाचनमा पछारिएका भए परिवर्तनको जनकांक्षाले निश्चय नै मूर्तरूप लिन्थ्यो ।

निर्वाचनले नेतृत्व जब परिवर्तन गर्न सक्दैन भने निर्वाचन कर्मकाण्डमा सीमित हुन्छ । हामीकहाँ अहिले त्यही भएको छ । संसदीय व्यवस्थालाई सुरासुन्दरी पजेरो र प्राडोले विकृत बनाउने, सांसदहरूलाई खसी बोका जस्तो खरिद बिक्री गरेर जनमतको खिल्लि उडाउने नेपाली राजनीतिका फोहोरी पात्र शेरबहादुर देउवा फेरि सातौं पटक भारी मतले निर्वाचित हुनु देशकै लागि दुर्भाग्य हो । संविधानलाई रद्दिको टोकरीमा हालेर संसद विघटन गर्ने ओली, ठेकेदारको घरमा डेरा बसेर ठेकेदारलाई भएभरका सडक योजना बनाउन जिम्मा दिने एस मेनलाई मन्त्री बनाएर अकुत सम्पत्ति कुम्ल्याउने प्रचण्ड र पार्टी फुटाएर देउवालाई प्रधानमन्त्री बनाउने माधव नेपाललाई मतदाताले चुनावमा हराएको भए सायद देशले नयाँ नेतृत्व पाउँथ्यो । अब फेरि यिनै देउवा, प्रचण्ड र ओली जस्ता असक्षम पात्रहरू नै प्रधानमन्त्री बन्न जुँगामा ताउ लाउँदैछन् । जबसम्म पार्टीका झोले कार्यकर्ताहरूले नेताहरूको झोला बोक्न छोड्दैनन् देशको अवस्था सधैं यस्तै भइरहनेछ ।

# सुँगुरहरूलाई नर्क नै प्यारो



सुरेन्द्र ढकाल

नेपालीमा एउटा भनाइ छ । सुँगुरलाई कसैले स्वर्ग जान्छस् भनेर सोध्यो भने त्यहाँ आची खान पाइन्छ र भनेर उल्टै सुँगुरले प्रश्न गर्‍यो रे । नेपालको यसपालिको चुनावमा यस्तै व्यवहार देखिएको छ । हुन त यस्तो व्यवहार पहिले पनि देखिएकै हो । यसपालि फेरि पनि यस्तै रह्यो । हामीले भनेका थियौं भारतले हाम्रो टिस्टा काँगडालगायत यही मेची महाकालीभित्रको ७४ स्थानमा हाम्रो जग्गा मिच्दा, अन्तर्राष्ट्रिय कानुन विपरीत सीमामा बाँध र सडक बनाई हाम्रो जमिन जलमग्न गर्दा, भारतीय सीमा सुरक्षाबलले नेपालभित्र पसी दिनदहाडै नेपालीलाई मार्दा कानमा तेल हालेर बस्ने सरकार हुनु हुँदैन, भारतीय ज्यादतीको अन्तर्राष्ट्रिय र क्षेत्रीयकरण गरी भारतलाई साइजमा ल्याउनुपर्छ ।

हामीले भनेका थियौं– २०४७ पछि बनेका मन्त्रीहरूको स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरी यिनीहरूलाई भ्रष्टाचारको आरोपमा जेलनेल ठोकी सुशासनको आभास दिनुपर्छ । हामीले भनेका थियौं– राजनीति पेसा होइन, उत्कृष्ट राष्ट्रसेवा हो, तसर्थ राजनीति गर्नेहरू राज्यको लागि बोझ हुनु हुँदैन, उनीहरूले राज्यबाट कुनै पनि सुविधा लिनु हुँदैन, देशलाई दिन र दिलाउन सक्नेले मात्रै राजनीति गर्नुपर्छ । हामीले भनेका थियौं– आयातित इन्धनको विकल्पमा आमरुपमा विद्युत र अन्य नवीकरणीय उर्जा प्रयोग गर्ने वातावरण सिर्जना गरी हाम्रो प्राकृतिक वातावरण सन्तुलित बनाउँदै लगी नेपाली जैविक विविधता र हिमाली पर्यावरणको रक्षा गर्दै डरलाग्दो ब्यापारघाटाको चंगुलबाट देशलाई मुक्त गर्नु पर्दछ ।

हामीले भनेका थियौं– अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गर्न पाइँदैन । हामीले भनेका थियौं– महिलामाथिको हिंसा र बलात्कारजस्ता घटना घट्न दिनु हुँदैन, दण्डहीनता हुनुहुँदैन, वालश्रमको अन्त्य हुनुपर्छ, युवायुवतीलाई देशमै रोजगार दिई उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्नुपर्छ । हामीले भनेका थियौं– सरकारी सामुदायिक विद्यालय स्तरीकरण र सवलीकरण हुनुपर्छ, माडसावहरूले राजनीतिको झोला बोक्न पाइँदैन । यी सबै गर्ने खाका, योग्यता, अनुभव र क्षमता हामीसँग छ भनेर चुनावी पर्चा र घरदैलौमार्फत हामीले दलिल पेस पनि गरेका थियौं ।



अंग्रेजका गुलाम भारतीय अनि भारतीयको पनि गुलाम बनेर नेपाली राजनीति गजधम्म गरी बसेका दासहरूको चुनावमार्फत जनताले दशा देखाइदिनेछन् भन्ने हामीले आशा गरेका थियौं । हाम्रो आशामाथि तुषारापात भएको छ । आयात गरी भन्सार राजस्वबाट मात्र देश चलाउँदा अनि पंचशील र असंलग्नताको सिद्धान्त त्याग्दा नेपाल श्रीलंका र युक्रेन बन्ने खतरा देखिएको छ, त्यस्तो अवस्था आउन दिनु हुँदैन पनि भनेका थियौं हामीले । हाम्रो कुरा सुनियन, नसुनिइनु पनि जायजै होला किनकी सुँगुरहरूलाई नर्क नै प्यारो हुन्छ नै ।

# सैनिकको कर्तव्य र अधिकार



शिवप्रसाद दाहाल

केही प्रतिशत राष्ट्रियता र सार्वभौमिक चिन्तन देखिने गरी ०७५।६।२५ मा विजयादशमी, दिपावली एवं छठसमेतको शुभकामना कार्यक्रम सैनिक मुख्यालयमा हुँदा प्रधानसेनापति पूर्णचन्द्र थापाले आफ्नै सेनाभित्र भ्रष्टाचार छ भनी देशको सीमाबारेमा हल्का चर्चा गरेको पत्रिकाहरूबाट थाहा पाउँदा ०७१।९।१ गतेपछि बदनाममा चुर्लुम्म डुबेको संस्थामा कृष्ण पो जन्मे कि के हो भनी छक्क परेँ । फेरि पद वहाल गरेको १ बर्ष पुगेको उपलक्ष्यमा ०७६।५।२४ बिहिबारका तीन पृष्ठे लिखित ३ घण्टे आफ्नो सम्पत्ती विवरण सार्वजनिकरण समेतको प्रतिवेदन पढेर सुनाएको खवर विविध श्रोतबाट सुन्दा खुसी भएँ । परन्तु थोरै झझल्को आयो- वीर बलभद्र कुँवर, वृद्ध भक्ति थापा, अमरसिंह थापा, भिमसेन थापाले पानी पनि नपिइ आत्मसमर्पण नगरी देश र जनधनको रक्षा गर्न किल्लाभित्रै आफ्नो वलिदान दिने बालवृद्ध वनिता आदि इत्यादि प्रात:स्मरणीय श्रद्धेय अमर राष्ट्रिय राष्ट्रभक्त सेनानीहरूको ।

“नेपालमा सेना (अन्धालाई ऐना) भनेजस्तो अवस्थामा C=I=C को पूर्वोक्त दुई स्म्बोधनले थोरै आशा जन्म्यो । राष्ट्रको ढुकुटी रित्याएर झण्डै एक लाख सेनालाई गरिब नेपालीले गिट्ठा भ्याकुर कन्दमूल खाइ पाल्दै आएका छन् लोकप्रिय राजाको संसाँझै कुलै संहार भएको छ । उनका नातेदार ५५ नै जना मारिएका छन् । यत्रो राजबंशको संहार हुँदा सेना, प्रहरी, दरबारिया कर्मचारी, नोकरचाकर चाहिँ एउटा पनि नमारिनु र पाल्तु पशुपंक्षी मारिदा पोस्टमार्टम गरिएको समाचार सुन्दै आएकोमा नेपालमा राजाहरूको कसैको पनि पोस्टमार्टम नगरिनु प्रधानमन्त्रीले राजीनामा नदिनु घोर षड् यान्त्रिक दु:खद घटना हो ।

उता पहिले राणा र त्यसपछि देशभन्दा पनि राजाको मात्र रक्षा गर्ने एकमात्र कर्तव्य हो भन्दै ०१७ साल पौष १ गतेदेखि आएको सेनाको नाइके प्रज्ज्वल शमशेरले त वि.सं. २०५८।३।२ गते शनिबारको कान्तिपुर दैनिकको मुख्य पृष्ठको फोटोसमेत जो केश मुण्डन नगरिएको, रातो टीका लगाएको प्रसन्न मुखमुद्रामा मुसुमुसु हाँसेका अवस्थामा राजकुलको संहारको उच्च जाँचबुझ आयोगलाई दिएको बयानमा त राजाको रक्षा गर्ने काम सेनाको होइन पो भनेका छन् । राजकुलको रक्षा नगर्ने देशको त झन् आततायी भारतले झन् नेपालको तिनैतर्फबाट आक्रमण गर्दै आएको छ । उत्तरतर्फ पनि अपवादमा नहोला यता नेपाली सेना र शासकलाई सीमा सुरक्षाको त झन मतलबै छैन । गिरिजा काजी लैण्डुप दोर्जेहरू र भारतसँगको मेलमिलापमा राजवंश उन्मूलन गर्नु प्रधानमन्त्री, प्रधानसेनापतिले राजीनामा नदिनु र उल्टो निर्दोष स्व. श्री ५ युवराज राजालाई नै हत्यारा घोषित गरिनु कत्रो षडयन्त्रात्मक बिडम्वना, कत्रो घोर तानाशाही अत्याचार !, नेपाल त झन् साँगुरिइ बँदेलबाट छुचुन्द्रोजस्तो भैसक्यो ।

त्यसो भए प्रज्ज्वल, प्यारजंग, गौरव, रुक्मांगदहरूलाई प्रश्न- हितकला, चन्द्रकला, मैना, सपना आदि इत्यादी हाम्रा असंख्य चेलिबेटी, आमा, श्रीमती, दिदी बहिनीहरूलाई दिउँसै कहाँ कस्को घरमा सुन्दरी महिलाहरू छन् पत्ता लगाइ बेलुका अपहरण गरी माओवादी वा कुनै अपराधीको खोजको बहानामा बलात्कार गरी मार्ने वा ब्यारेकमा ल्याइ सामुहिक यौनदासी गराइ राख्ने, राष्ट्रिय, अन्तर्राष्ट्रिय मिडियाको दबाब भए मुद्दा आफै हेर्ने, आफैं धामी आफैं बोक्सी । अत्याधिक जानकारीका लागि ‘अनौपचारिक क्षेत्र सेवा केन्द्र’ इन्सेकका बर्ष पुस्तकहरू हरेक बर्षका हेर्दा सेना र प्रहरीको ज्यादती कस्तो थियो वेथान, भैरवनाथ गण कर्णेल बबी खत्री, सुमन, अमितकुमार लामाहरूले कतिसम्म गरे केही थाहा हुन्छ ।

अझ जेठको प्रचण्ड गर्मीमा पनि जुरुङ जुरुङ काँडा उम्रिने अवर्णनीय दुर्घटना ०७६।७६ गते बुधबारका दिन कान्तिपुर दैनिकको मुख्य पृष्ठमा प्रकाशित दाङ घोराही कि १८ वर्षीया निर्दोष युवतीलाई अपराधी नै भए पनि गर्नु नहुने ०५८ साल मंसिरमा सेनाका तालिम प्राप्त दुई टन डाँगा कुकुरबाट बर्दियाको जङ्गल नजिक खेतमा मानिसले मात्र नभएर पशुबाट पनि बलात्कार गराइने नेपाली सेनाको कुकृत्यम कुन शब्दले भत्सर्ना गरौं ?, कुनै शब्दकोषहरूमा पाइने यस्ता अरु कुकर्म ती निरीह महिलाहरूमा सेना र प्रहरीहरूद्वारा कति घटे होलान्, कति दुर्भाग्य !

यता देशको दशा करिब २१५ वटा राष्ट्र भएको विश्वमा ठूला ९२ र साना १२२ वटामै १,४७,१८१ वर्ग किलोमीटर क्षेत्रमै ९३ नं को ठूलो देश भएको नेपाललाई नामको मित्र कामको शत्रु भारतले उसको नक्सामा ५,७८१ वर्ग किलोमिटर क्षेत्र घटाएर १,४१,४०० वर्ग किलोमिटर क्षेत्र लेख्दै आएको छ । यसबारे भारतीय नक्सा प्रधानमन्त्री हुनुभएका बेला श्री बीपी कोइरालालाई २०१७ साल मङ्सिर २३ गते मैले देखाउँदा अति संवेदनशील समस्या रहेछ, म दश दिनभित्रमै प्रधानमन्त्री जवाहरलाल नेहरूलाई भनेर समाधान गर्छु भनी मलाई भन्नुभएकोमा राष्ट्रघातक राजा महेन्द्रले १ हप्तामै कु गरेपछि बीपी कोइरालाले केही गर्नै पाउनु भएन । २०१७ साल पौषको कालो दिनले नेपालले काँचुली फेर्नै पाएन ।

अझ २०७५।६।१४ गते आइतबारको दिन अन्नपूर्ण पोस्ट दैनिक पत्रअनुसार अहिले घटेर नेपालको क्षेत्रफल १,३७,१६२.०३५ वर्ग किलोमिटर थियो भने ०७६।७।२१ गते बिहीबारका पत्रिकाले सबैको मुख्य पृष्ठमा छापिएबमोजिम ५ दिनपहिले १७ गते कार्तिकअनुसार हाम्रो लिम्पियाघुरा, लिपुलेक र कालापानी पनि आफ्नै नक्साभित्र परेछ र त्यही क्षेत्रमा मात्रै ३९५ वर्ग किलोमिटर क्षेत्रफल कब्जा गरिसकेछ ।

नेपालमा मात्र होईन ४०० बर्ष पुरानो राजतन्त्रात्मक देश सिक्किमको पहिले ७२९८ वर्ग किलोमीटर क्षेत्रफल थियो । उसले कब्जा गर्ने दिनै सन् १९७५(९(४ मा नेपालमा जस्तै सिमानामिचिमिची उसले कब्जा गर्नुभन्दा अगाडी नै २०२ वर्ग किलोमीटर क्षेत्रफल अतिक्रमण गरिसकेछ उसैको औक्सफोर्ड एटलस सन् १९६८ र अर्को सन् १९९३ को अठ्ठाइसौ संस्करण जस्मा ७०९६ वर्ग किलोमीटर क्षेत्रफल मात्र बाकी छ र त्यसरी कब्जा गरेको बखत ४०० वर्ष पहिले देखि निरन्तर शासन गर्दै आइरहेको करिब पौने दुई लाख जनसंख्या र २४३ मात्र सेनाको संख्या भएको राजा चोग्यालपाल्देन थोणडूप नामग्यालको प्रमुसत्ता सप्पन्न सार्वभौम स्वतन्त्र देशलाइ ( बि .सं २०३१(१२(२७ गते बुधबार मा) जल स्थल र वायुसेनाका लाखौपुर्ण प्रशिक्षित मध्यवाट पनि उत्कृष्टतम् भनी छनिएको ५००० कमाण्डोहरू द्वारा एकाएक विधुतिय गतिमा हमलागरि निर्दोष राजप्रसादको ढोकामा वसेको १९ वर्षिय वसन्तकुमार क्षेत्रीलाई पूर्वोक्त कमाण्डोहरूले हत्या गर्ने ठूलो बहादुरी गरेका थिए ।

भारतीय शासकहरूले प्रात:स्मरणीय भगत सिंह, चन्द्रशेखर आजाद, गुरु गोबिन्द सिंहका पुत्रद्वय, झासिकी विरांगना, वीर प्रसूता रानी, शिवाजी, महाराणा प्रताप आदिको अनुकरण नगरेर अतिकुमणकारी, विस्तारवादी सिकन्दर मुहम्मद गोरी, नादिर शाह, मुहम्मद गजनवी, तुग्लकमु, इब्राहिम लोदी, बावर, फ्रान्सिसी, डच, पोर्तुगिज, अङ्गेज आदि इत्यादि भूतपूर्व मालिकहरूसँग अतिक्रमण गर्ने कुकर्ममात्र सिकेछन, नीति शास्त्रले भनेको छ ‘दिपो भक्षयते ध्यान्त कज्जलंच प्रसूयते , यदन्नं भक्षयेन्नीत्यं जायते तादृशी फ्रजा ।’ मालिक को ताडनाले इनिहरूको रऊ रऊमा भिजेको छ ।

आततायीवाट वचन हामी आत्मनिर्भर हुनुपर्दछ । हामी भूपरिवेष्टित भएपनी ईश्वरले आत्मनिर्भर हुन नेपाललाइ पर्याप्त पाञ्चम्भौतिक पदार्थ दिएका छन् । घाम, हवा, तेज वा सूर्यकिरण, जमिन र पानी त संसारमा दोस्रो नम्बरको धनि छौ । केही दशक अघिसम्म नेपालले विविध अन्न, दलहन, तेलहन, जडिबुटी औषधिजन्य पदार्थहरू त्यही भारतलाई निर्यात गर्थ्यौ, अहिले झन सक्छौ, हरियो वन, नेपालको धन भनेकै छौ । कपडाजन्य वनस्पती, उनी जन्री भेडा, च्याङ्गा, रेशम कपडा जन्य रेशमकिरा पालन व्यवसाय, सामेबावियो, अल्लो, सनपाट, केराको बोट, ओदाल रभझिगनीको बोट आदि इत्यादि वाट कपडाहरू निर्यात गर्न सम्म सक्ने सम्पदा वनस्पतिमै छ भने डिजेल जस्तै यस संसारमा चौबिसै घण्टा नभैनहुने गाडिहरूमा इन्धनका लागि प्रयोग हुने अण्डि, माझिबार (जट्रोफा, चिउरिको कोविया, बर्षको साल आदि विविध वनस्पतिको फलहरूको बियाबाट डिजेल जस्तो बहुमुल्य पदार्थ आफ्नु देशमा मात्र होइन अपितुवाहयमुलुक मा पनि निर्यात गर्न सक्ने सम्पदा पर्याप्त छन् ।

यता भौगर्मिक सम्पदाहरूमा योजना वद्व रुपवाट युद्व स्तरमा नेपालले अनुसन्धान नगरेपनी जमीन, जल, जङ्गल, जडिबुटी बाहेक ग्यास, पेट्रोलियम पदार्थ, कोइला, लिग्नाइट, नुन, एसवेस्टस, फेल्डास्पडर, वसाइट, विदराइट, ग्रेफाइट चुनढुङ्गा, म्याग्नेसाइट, अभ्रक, पाइराइट, खरीढुंगा, सैगमरमर, स्लेट, वेरिलियम, सुन, ताँवो, कोवाल्ट, फलाम, शिशा, भानाडियम, टिन एवं अन्य असंख्य इणत अइणत अमूल्य र बहुमूल्य भौगर्मिक सम्पदा यश नेपाल भूमिमा विधमान छ, यहाँ खाचो छ सीप, जागर, राष्ट्रप्रेम, राष्ट्रियता, ज्ञान, विज्ञान, डाक्टर, इन्जिनियर, भूगर्भविद, कृषिविद वा इज्रायल ,जापान अथवा लिक्वान युजस्ले सिङ्गापुरलाई स्वर्ग तुल्री गराए त्यस्ता सुयोग्य शासकको आवश्यकता छ । परन्तु नेपालमा उल्टो भएको छ ।

विश्वको दोश्रो धनी जलसम्पदा भएको नेपालमा जनताले पानी पिउन पाउदैनन् , बैरिको देशमा आफ्नु देशलाइ तहसनहस गरेर पानी जान्छ , तर खेती योज्यजमिन पानीको अभावले मरुभूमि जस्तो भएको छ । आफ्नै देशमा युवायुवतिहरू पर्याप्तनभै विदेशी कामदारको माग गर्नुपर्ने स्थिति थियो जहाँ विविध खानिहरूको अनुसन्धान, उत्खनन आदि इत्यादिका लागि । परन्तु खाडी अरब देशका मरुभूमिमा गधा , उट जोत्न, भेडाबाख्राको चार्वाही गर्न । कस्तो विडम्वना ! कस्तो शर्मको कुरा ।

भुअपरिवष्ठित देशहरूलाइ झै आत्मनिर्भर हुन प्रकृतिले हामिलाइ सबै थोक दिएकी छन् । हामीलाई खाचो छ त खाली योग्य शासकको । सिङ्गापुरका लिक्वान पु जस्ता नेताको । जापान इज्राएली देशहरूले जस्तो हामिले गरेमा आणविक क्षेत्र वाहेक सवथोकका सम्पन्न हुन्छौ । मुख्यकुरा हो , खान र लाउन । त्यसकालागी जमिन , जलर जङ्गल यिसवैथोक छन् ।सप्तकोसीको पानी सुनकोशी को दुम्जा या खुर्कोट चियावारियो भन्दा पुर्व पनिसके दुई नसके एकठाउमा सुरुङ्गनहर बनाइ पश्चिम दक्षिण का भित्री मधेस र तराइमा सर्वत्रसिंचाइ हुने ब्यवस्था गरि वडि से वडि पानी नेपालमै खपत गर्ने र पश्चिमका महाकाली, सेती ,भेरी ,कर्णाली ,आदि नदिको पानी महाभारत र यसका समकक्षी पहाड ,चुरे पहाडमा पनि सुरङ्गे नहर यत्रतत्र सर्वत्र बनाइसके सम्म पूर्वको पानी पश्चिम र पश्चिमको पानी पूर्वतर्फ डाइभर्ट गरि नहरकुलोहरू जाल जस्तै बिछाइ अनाबृष्टिले शून्य प्रतिशतपनी नघटने भएपछी खेती उध्योग ब्यवासायवाट निर्यात गर्न हरेक उत्पादनमा हामी समर्थ हुन्छौ । जमिन , जल र जङ्गललाई बैज्ञानिक ढंगले उपयोग गरेमा खान र औषधि उत्पादन र निर्यात गर्न पनि राष्ट्र समर्थ हुनसक्छ ।

वर्तमान संविधान ५०५ भन्दा वडि राष्ट्र घातक छ संशोधन नगरी हुदैन । परन्तु भारतले खोजेजस्तो संविधान होइन , कथित मधिसे नेता भनाउदाहरू क्यासेट वा टेपरेकर्डर हुन भारतका सिक्किमे काजी लैण्डूप दोर्जेहरू जस्तै । इन्दिराले जर्नेल सिंभिण्ड राम वालेलाइ हिरो बनाए जस्तै बने बनाइएका । ग्रासरुटका आममधिसे जनता चाहिँ सच्चा राष्ट्रभक्त हुन् । कथित मधिसे नेता राष्ट्रभक्त भए लिम्पिपा धुरादेखी टनकपुर , सुस्तो देखि पशुपतिनगर , पाँचथर देखि ताप्लेजुङ सम्म भारतले अतिक्रमण गर्दा खोइ बिरोध गरेका नेपालको नागरिकता लिएका भारतिय हुन् । सांसद महेन्द्र राय शुद्ध नेपाली हुनाले अगाडि नै भारतको बिरोध गरिसके ।

*(क्रमश:)*

# मैले देखेको २२६ औं विश्व महत्वको कुरा

# प्योङयाङको आर्क अफ ट्रिअम्फ

सुरेन्द्र ढकाल



आर्क अफ ट्रिअम्फ अगाडिबाट हेर्दा



विजयद्वारबाट देखिने प्योङयाङ सहरको दृश्य



विजय द्वारको पछाडि देखिएको मोरान पहाड



माथिबाट हेर्दा चार स्तम्भमा देखिएको विजय द्वार



द्वारको स्तम्भमा कुँदिएका मुक्ति युद्धका चित्र

१० अगस्टकै दिन प्योङयाङको भूमिगत रेल (सबवे) अवलोकन गरेपछि हामी त्यही रेल चढेर आर्क अफ ट्रिअम्फ (धनुषाकार विजय द्वार) अवलोकन गर्न त्यतातिर लाग्यौं।

जापान विरुद्धमा कोरियाले सन १९२५ देखि १९४५ सम्म गरेको प्रतिरोध युद्धमा जित हात पारेपछि सो गौरवशाली विजयको स्मरण गर्न बनाइएको विशाल ढोका रहेछ त्यो। त्यो द्वार विश्वमा भएका विजय स्मारक द्वारहरूमध्ये मेक्सिको पछिको दोस्रो ठूलो द्वार रहेछ। ६० मिटरको उचाइ र ५० मिटर चौडाइ भएको यो द्वार बनाउन प्रयोग गरिएको ग्रेनाइट र सिंहमरमर कोरियाको आफ्नै उत्पादन रहेछ।

कोरियाको राजधानी प्योङयाङको मोरान पहाडको काखमा यो द्वारको निर्माण सन १९८२ भएको र यस द्वार बनाइनुको मुख्य उद्देश्य कोरियाका संस्थापक राष्ट्रपति किम इल सुंग जसको नेतृत्व जापानी औपनिवेशिक आक्रमणको सफलताका साथ प्रतिरोध भएको थियो। उनप्रतिको सम्मान र उनको गौरव वृद्धि गर्नु रहेछ। राष्ट्रपति किमको ७० औं जन्म दिन पारेर उद्घाटन गरिएको यो द्वारको निर्माणमा २५ हजार ५ सय सेतो ग्रेनाइटको ब्लक प्रयोग भएको रहेछ।

२५ हजार ५ सय ब्लक प्रयोग गरी बनाउनुको अर्थ किम ७० वर्ष पुगेको र सो वर्षलाई ३६५ दिनले गुणा गर्दा २५ हजार ५०० पुग्ने रहेछ। यस द्वारको डिजाइन पेरिसकै आर्क अफ ट्रिअम्फको जस्तै भए तापनि उचाइ भने पेरिसको भन्दा १० मिटर झन् अग्लो रहेछ। यो द्वारको छतमा दर्जनौं कोठाहरू, प्योङयाङ सहरको दृश्य अवलोकन गर्ने प्लेटफर्म र विद्युतीय भऱ्याङ र लिफ्ट रहेछ। २७ मिटर उचाइको चारवटा स्तम्भले यो द्वारलाई ठड्याएको रहेछ।

स्तम्भका भित्ताहरूमा राष्ट्रपति जनरल किम इल सुङप्रति समर्पित क्रान्तिकारी विजय गान र सन १९२५ मा सुरु भएको जापान प्रतिरोधको युद्धदेखि सन १९४५ सम्म आइपुग्दा किमले गरेका राष्ट्रमुक्ति भ्रमणहरूको सम्झना र कोरिया जापानी उपनिवेशबाट मुक्त भएको दिन झल्काउने चित्रहरू कुँदिएका रहेछन्। रातमा चारैतिरबाट बत्ती दिएर यस द्वारलाई चहकिलो बनाइएको रहेछ र विद्युत काटिएको अवस्थामा समेत अँध्यारो राख्न नपर्ने गरी जेनेरेटरको व्यवस्था पनि गरिएको रहेछ।

द्वारको छतमा पुगेर हामीले पुरै प्योङयाङ सहरको दृश्यावलोकन गऱ्यौं र त्यसको लगत्तै मुनिको बुइँगलमा उपहार र सोभिनियर बिक्री कक्ष रहेछ। त्यहाँ मैले बाँसले बनाएको द्वारको नक्कल २५ डलर तिरेर किनेँ। तत्पश्चात द्वार नजिकैको प्रदर्शन र बिक्री केन्द्र गई हामीले क्रिम, अत्तर, कोरियन आयुर्वेदिक औषधी गिंगसेन र केही प्याकेट चकलेट किनी हामी होटल फर्कियौं।

कथा

# मायाको परिभाषा

- शारदा पौडेल

मङ्सिर महिनाको घमाइलो दिन थियो । चारैतिरको कुहिरो फारेर घाम लागे पनि मेरो मनमा डम्म बादल लागेको थियो । जति मनलाई सम्झाउन खोजे पनि फिटिक्कै सम्झाउन सकेकी थिइन ।

छोराछोरीलाई भनौं भने उनीहरूलाई मामाघर कहाँ हो ? मामा कतिजना छन् र कस्ता छन् भन्ने थाहासम्म थिएन । बुढासँग भनौं भने उहाँलाई अतित कोट्याएर दुखी बनाउनु शिवाय केही हुँदैनथ्यो ।

के गरुँ, कसो गरुँ ? दोधारमा परिरहेँ । मनलाई एउटा निचोडमा पुऱ्याउन खोज्थेँ तर सक्दैनथेँ । अघिसम्मका पहारिला घाम पनि हराउँदै गए । बिस्तारै चिसो हावा चल्न थाल्यो । त्यो चिसो हावाको झुक्काले बरु मलाई एकाएक गर्मी बनायो । औंडाहा भएर आयो । झनै दिमागले काम गर्नै छाड्यो ।

यस्तो जाडोमा यहाँ बसेर के गर्छौं ? खुरुक्क कोठामा हिँड ।अहिले बिरामी भइन्छ भन्दै उहाँ आउनु भयो । म केही बोलिन र सरासर उहाँको अघिअघि लागेँ ।

सोचेँ कति महान हुनुहुन्छ हजुर । मलाई माइतीले लत्याउँदा झैं हजुरले पनि लत्याएको भए म आज कहाँ र कसोरी बस्ने थिएँ होला । एकोहोरो उहाँलाई हेरिरहन मन लाग्यो । कुनै दिन तेरा माइती यस्ता तँ यस्ती भनेर सुनाउनु भएन । माइतीको रीस मलाई फेरिदिएको भएपनि आखिर मैले सहनै पर्ने थियो । सोच्दै थिएँ, आँखा रसाए, मुटुमा गाँठो पर्यो । डाँको छाडेर रुन मन लाग्यो ।

मेरो स्थितिलाई उहाँले नजिकबाट नियालिरहनु भएको थियो । मेरो अवस्थाले दुखी हुँदै भन्नूभयो – के भयो कालू ?

म बोल्न सक्ने अवस्थामा थिइन । मभित्र मत्थिएका कुराहरूलाई मनरुपी मदानीले कुनै ठेगानामा पुऱ्याउन सके कै थिएन । मैले ढिलोचाँडो भन्नैपर्छ सोचेँ र भने –– दाइले छोरीको बिहेमा निम्तो गरेका रहेछन् । जान मन छैन । नजाँदा पनि भएन । भोलि छोराछोरीलाई मावली त रहेछन् भन्ने जानकारी पनि त दिनु छ – मैले भनेँ ।

मेरा कुराले अतित सम्झेर म माथि नै रीस पोख्नुहुन्छ कि झैं लागेको थियो । मेरो मलिन अनुहार र डरले कापेको शरीरलाई झन मुसार्दै उहाँले भन्नू भयो –– तिमीलाई जान मन लागेको छ ?

–––मनै त होइन तर पनि गए राम्रो हुन्थ्यो कि सोचेर मात्रै ।

–तिमीलाई त्यस्तै लाग्छ भने जाऊ नत । कस्तो व्यवहार गर्दा रहेछन् थाहा हुन्छ ।

––मैले सहमतिमा टाउको हल्लाएँ ।

कुरा करिव एक्काइस वर्ष अगाडिको हो । उहाँ मेरो विद्यालयमा विज्ञान शिक्षकको रुपमा पठाउन आउनु भएको थियो । म त्यतिबेला नौ कक्षामा पढ्दै थिएँ । उहाँको घर धेरै टाढा हुनाले हाम्रो घरको नजिकै कोठा लिएर बस्नुभएको थियो । म पढ्न केही चलाख भएपनि विज्ञान विषय अलिक कठिन लाग्थ्यो । उहाँ घर नजिकै बस्ने हुनाले म लगायत केही साथीहरू भएर ट्युसन पढ्न जान्थ्यौं । केही समयपछि वार्षिक परीक्षा आयो । म नौ कक्षामा राम्रो अंक ल्याएर उतिर्ण भएँ । म राम्रो अंक ल्याएर पास भएकोमा मभन्दा उहाँ धेरै खुशी हुनुभएको थियो ।

म पढ्न जाने र उहाँपनि हाम्रो घरमा आइरहने हुनाले बोलचाल बाक्लै हुनथाल्यो । म उहाँको बानी व्यवहार देखेर बिस्तारै प्रभावित हुन थालेँ । उहाँले पनि मलाई अति माया गर्न थाल्नुभयो । हाम्रो मायाको बिरुवा झाँङगिदै गयो । विद्यालयले लिने प्रवेशिका ल्याकत परीक्षा पनि आयो । विज्ञान पढ्ने निहुँमा उहाँको कोठामा जान थालेँ । यो मनले खाली उहाँलाई नै देख्न खोज्थ्यो भने उहाँले पनि मेरै पाइला पछ्याउँदै आउनुहुन्थ्यो । हामी एकआपसमा छुट्न नसक्ने अवस्थामा पुग्यौं । प्रवेशिका ल्याकत परीक्षा पनि आयो र दिएँ पनि । जे होस् राम्रोसँग उतिर्ण गरेँ ।

एस एल सी को लागि म घरबाट केही टाढा गएर पढ्न थालेँ । शहरमा गएर पढ्दा पनि उहाँ लगातार उतै आएर भेट्न थाल्नुभयो । हाम्रो मायालाई गुपचुप राखी परीक्षा सकिएपछि बिहेमा परिणत गर्ने योजना बनाउँदै थियौं । नयाँ सपना बुनेर सुन्दर भविष्यको सुनौला कल्पनामा डुब्थ्यौं ।

मेरो जीवन नै उहाँ हो जस्तो लाग्थ्यो । उहाँ विना बाँच्नुको अर्थै देख्दैनथेँ । पढ्न बसे पनि शब्द शब्दमा उहाँका भनाइ र तस्वीर मेरा आँखा वरिपरि घुमिरहन्थे । एकप्रकारले पढाइभन्दा पनि झनै महत्त्वपूर्ण उहाँ नै हो जस्तो लाग्थ्यो ।

हाम्रो झाँङगिएको माया बिस्तारै सबैले थाहा पाउन थाले। सकभर मलाई उहाँबाट छुटाउन खोज्दै थिए । म पाँच जना दाजुभाइकी कान्छी बहिनी थिएँ । तँलाई हामीले जस्तो भन्छेस् त्यस्तै ठाउँमा दिन्छौं,त्यसलाई छाडी दे भनेर दवाव दिन थाले । मैले यो कुरा स्वीकार्न सकिन । किनकि यो मेरो प्रेम नै जीवन थियो मन र धड्कन् थियो । मलाई माया मानेको देखाउन मेरो साइँलो दाजुले उहाँलाई बेसरी गाली गर्नुभयो र चिर्पटे दाउराले टाउकै टाउकोमा हान्नुभयो । उहाँ बेहोस् भएर भुइँमा ढल्नुभयो । भुइँमा ढलेको देखेपछि मलाई घिच्याउँदै दाइ त्यहाँबाट भाग्न खोज्नुभयो । तर म जान मानिन । उहाँलाई टाउकोमा गहिरो चोट लागेको थियो र रगतका धारा छुटिरहेका थिए । मैले यो अवस्था हेरिरहन सकिन र विद्रोह स्वरुप तत्काले उहाँसँगै जाने निर्णय सुनाएँर हिँडेँ ।

दाइ रीसले मुर्मुरिँदै मलाई गाली गर्नुभयो र माइती भनेर आए मारिदिने धम्की समेत दिनुभयो । त्यतिमात्र होइन बाबू आमा र अरु दाजुहरूका लागि पनि म मरेको घोषणा गर्नुभयो । मलाई दाइका धम्कीले केही पीडा दिएको थिएन जति पीडा उहाँलाई दिएको सजायले दिएको थियो । त्यो सजायको भागिदार म न थिएँ । उहाँसँग प्रेम मैले गरेकी थिएँ । यदि कसैसँग सच्चा प्रेम गर्नु गल्ती थियो भने त्यो सजाय मैले भोग्नु पर्ने थियो । तर यहाँ त्यो सजायको भागिदार उहाँ बन्नुभयो जसले गर्दा झन् मैले साथ छोड्न चाहिन र छोडिन पनि ।

हामी काठमाडौं छिर्यौं । टाउकाको चोट निको हुन केही समय लागे पनि दिलको चोट निको हुन सकेन । पशुपतिनाथलाई साक्षी राख्दै जिन्दगीमा जस्तो आपत परेपनि साथ नछाड्ने कसम खायौं र विभिन्न कठिनाईका साथ सुनौलो भविष्य तर्फ अग्रसर भई नै रह्यौं । केही वर्षमा हाम्रो मायाको चिनो छोरो जन्मियो । बाबुको जन्मसँगै बाबू आमालाई देख्न मन लागेर आयो । त्यसैले खबर पठाएँ तर प्रतिउत्तरमा उहाँहरूले म मरिसकेको खबर पठाउनुभयो ।

दिन बित्दै गए । बाबुपछि अरु थप सन्तान जन्मिए । यतिबेलासम्म माइती पक्षको कुनै देखावटी माया पनि पाएकी थिइन । यसैबीचमा दाजुहरूको बिहे भयो । म बाहेक सबै इष्टमित्र बोलाइए । मलाई केही दुः ख लागेन ।ठिकै छ भनेँ उहाँको र बाबुनानीको मुख हेरेर चित्त बुझाएँ ।

दिन बित्दै गए । आज मैले बिहे गरेको पनि एक्काइसौं वर्ष लागि सक्यो । बुबा आमालाई देख्न त परै जावोस् बोली सुन्नबाट पनि दाजुभाइले मनाही गरिरहे । अहिले उनीहरू सबैका सन्तान जन्मिसकेका छन् । उनीहरूलाई सन्तानको माया कस्तो हुँदो रहेछ भनेर थाहा भइसकेको छ ।दुई दाजुभाइ विदेश छन् । जहाँ उनीहरूले पनि बाहिरी संसारलाई बुझेका होलान् संसारलाई हेर्ने सोच फेरेका होलान् तर मलाई हेर्ने सोच अहिलेसम्म फेर्न सकेनन् ।

कहिलेकाहीं यसरी अतित सम्झिन मन लाग्छ । माया भनेको यही हो ? आफैंमा प्रश्न गर्छु । आफ्नो सन्तानले बुबा आमाको मुख मात्र देख्छु भन्दापनि देख्न नपाउने कस्तो परिबन्ध । आज तिनै दाइकी छोरीको बिहे हो जस्ले बुबाको अन्तिम घडी हुँदा पनि मलाई बुबाको मुख हेर्नबाट सदाका लागि बन्चित गराए ।

आज दाइले छोरीको रोजाइमा आफूभन्दा अर्को जातको केटालाई हात थमाउँदै छन् । छोरीको रोजाइ ठिक लाग्ने दाइलाई मेरो रोजाइ किन ठिक लागेन ? त्यतिबेलाको समयमा ठिक लागेन भनेपनि एक्काइस वर्षसम्म के सोचिरहे ? उनले पनि छोरीबाट जीवनमा पक्कै केही भरोसा त राखे कै होलान् ? आफ्नी छोरीको जात रोजाइलाई सहज रुपमा स्वीकार्ने दाइले मेरो आफ्नै जात खानदान सबै मिल्नेलाई किन स्वीकार गरेनन् ? छोरी पनि सन्तान हुन् भन्ने सोच भएका दाइहरूले म पनि तिनीहरू जन्मे कै कोखबाट जन्मेकी सन्तान हुँ भन्ने किन ठानेनन् ? बाबाको अन्तिम अवस्थामा मुख हेर्न इच्छा व्यक्त गर्दा पनि किन दिएनन् ?

किन गरे आफ्ना छोराछोरी र बहिनीमा फरक ? दाइकी छोरीले रोज्न पाउँदा मलाई रोज्ने अधिकार किन दिइएन ? के आफ्ना कोखबाट जन्मेका मात्रै सन्तान हुन त ? म पनि मेरा बाबू आमाको कोखबाट जन्मृकी सन्तान हुँ भन्ने किन सोचेनन् । मलाई त्यहाँ गएर एकछाक खाने र एउटा टालो लगाउने आशा थिएन । एकछाकले सधैंको भोक टर्दैनथ्यो र टालोले जीवनभर धान्दैनथ्यो । तर त्यो बेलाको परिस्थिति जे भए पनि सबै बिर्सेर किन बहिनी र भान्जाभान्जी भन्न सकेनन् ?

आज म यही विद्रोहको भाव बोकेर बिहेको निम्तोमा जाँदछु । सबै दाजुभाइलाई एकै ठाउँमा राखेर सोध्नेछु – माया भन्नू आफ्नो रगतको नाता टुटाउनु, लत्याउनु हो या के हो ? दिनुहोस् मलाई मायाको परिभाषा ???

# स्वतन्त्र उम्मेदवारले ठूला दलहरूको सपना चकनाचुर पारे

सधैं एउटै भाषण र नारा लिएर भोट माग्न आउने तर आफ्ना प्रतिवद्धता पूरा नगर्ने बासीअनुहारप्रति जनता वाक्कदिक्क भइसकेका छन् । उम्मेदवारलाई मात्रै होइन दलहरूलाई समेत जनताले बासी भन्न थालेको अवस्था छ । व्यक्तिको विकल्प सहज हुन्छ तर पार्टीको विकल्प सहज हुन्न ।

पार्टी बन्न र स्थापित हुन दशकौं वर्ष लाग्छ । नेपालका विद्यमान प्रमुख पार्टीहरू त सात दशकभन्दा लामो इतिहास पार गर्दै अनेक उतारचढाव बेहोरेका पार्टी हुन् । जनअधिकार स्थापित गर्नका लागि ठूलो संघर्ष गरेका पार्टी हुन् । यस्ता पार्टीप्रति त जनताको चाख खतरनाक ढंगले घटिरहेको छ भने विकल्प दिन्छौं भन्दै आउने पार्टीहरू त पानीको फोकाजस्तै बिलाउने खतरा छ ।

भोट नहाले पनि एक भोट घट्छ त्यसले नतिजा तलमाथि पारी हाल्छ । यस पटकको चुनावमा धेरै ठुला नेता पनि स्वतन्त्र उम्मेद्वारका कारण पराजित हुने संभावना छ । खासगरी बालेन, हर्क र गोपी हमालले मेयर जितेपछि स्वतन्त्र उम्मेद्वारको तरंग चलेको हो ।

प्रमुख दलहरूका लागि सच्याउने ठाउँ अझै छ । आमनिर्वाचनपछि नयाँ र युवा उम्मेद्वार प्रधानमन्त्री बन्ने सन्देश देउवा नेतृत्वको लोकतान्त्रिक-बाम गठबन्धन र ओली नेतृत्वको वाम दक्षिणपन्थी गठबन्धनले यथाशीघ्र नदिने हो भने आफ्नो हातबाट अवसर गुम्छ भन्ने हेक्का ठूलादलहरूले राख्नै पर्छ । शेरबहादुर, प्रचण्ड या यस्तै यस्तै बासी अनुहारलाई भावी प्रधानमन्त्रीका रूपमा देख्न मतदाता तयार छैनन् भन्ने स्पष्ट संकेत देखिएको छ ।

बुढा नेतालाई हराउन 'नो नट एगेन' को नारा पनि गुन्जिएको सुनिन्छ । चाहे शेरबहादुर हुन् वा रामचन्द्र वा प्रकाशमान होउन् वा प्रचण्ड सबैलाई स्वतन्त्रले हायलकायल पारिरहेका छन् । देशभरि अनगिन्ति स्वतन्त्र छन् । यस अवस्थामा स्वतन्त्रले नजिते पनि भोट काटेर नतिजा तल माथि पार्ने निश्चित छ । ठूला पार्टीका शक्तिशाली भनाउँदा नेतालाई हराउनु नै यी स्वतन्त्रको लक्ष्य हो कि भन्ने देखिन्छ ।

के दुई-चार जना स्वतन्त्रले जित्दैमा व्यवस्था उल्टिन्छ र ? देशमा यति धेरै पार्टी भए पनि जनताको भावनाअनुसार काम गर्ने पार्टी नहुँदा आमजनताप्रति राजनीतिक वितृष्णा पैदा भएको छ । कसलाई भोट हालेर के हुन्छ र यी झोले नेतालाई जिताएर के पाइन्छ र ? यस्तो प्रश्न गर्नेको जमात (हुल)पनि ठुलै छ । राजनीतिमा अडान नभएका आममतदाताको संख्या ठुलै हुन्छ ।

तिनै मतदाताले यसपटक परिवर्तनको पक्षमा मत दिन सक्छन् । विगतमा झण्डै दुईतिहाइ मत ल्याएको वाम गठबन्धनले झिंगो नमारेको प्रत्यक्ष तस्बिर पनि हाम्रै अगाडि छ । यस स्थितिमा मंसिर ४ को चुनावले नेपालको राजनीतिमा ठुलै तहल्का ल्याउन सक्नेछ ।

आममतदाताले सोच्ने भनेको दलीय व्यवस्थामा दलकै बारेमा हो । स्वतन्त्र त आज आउँछन् भोलि हराउँछन् । स्वतन्त्रको सांगठनिक शक्ति हुँदैन । यिनीहरू वर्षाको पानीका फोका हुन् । दलभित्र कमजोरी छन् र दलका नेतामध्ये कोही भ्रष्ट पनि होलान् । दलका कमिकमजोरी दलमै बसेर हटाउने हो ।

स्वतन्त्रको बहकाउले दलीय व्यवस्था नै कमजोर हुन्छ । अहिले त गीत गाउने, कमेडी गर्ने, व्यापार गर्ने, डाक्टर, इन्जिनियर, पत्रकार र वकिल सबै फेसबुके नेता बनेर चौपट गरिरहेका छन् । खाली नेतालाई जथाभावी गाली गलौज गरिरहेका छन् । यो कुनै राजनीतिक संस्कार होइन । समाजलाई अराजक बनाउने र नेपाललाई अझ वढी तल भास्ने दाउ हो यो ।

तर, धरातलीय यथार्थतालाई नजरअन्दाज गर्न मिल्दैन । खासगरी देशको राजधानीसमेत रहेको काठमाडौं उपत्यकामा ठूला दललाई यसपालि स्वतन्त्र र साना दलका उम्मेद्वारबाट ठूलो 'थ्रेट' देखिन्छ। स्थानीय निर्वाचनमा जस्तै बालेन साह प्रवृत्ति फेरि नदोहोरिएला भन्न सकिन्न ।

तर, हारजित नै हुने गरी भन्न सक्ने अवस्थाचाहिँ छैन । यद्यपि, काठमाडौंका मतदाताले नयाँ अनुहार खोजिरहेका छन् भन्ने मनोविज्ञानचाहिँ देखिएको छ । पुराना दलको जुन खालको संगठन, प्रभाव छ, त्यसलाई हल्लाउन सक्छन्-सक्दैनन् भन्ने प्रश्न अझै छ ।

उदाहरणका लागि गगन थापाकै प्रभावलाई लिन सकिन्छ । उनको पुरानो प्रभावलाई नयाँ अनुहारले सहजै हल्लाउन सक्ने स्थिति रहँदैन । अरू पनि एकाध यस्ता क्षेत्र छन्, जसलाई अझै हल्लाउन सहज देखिँदैन । तर, अरू निर्वाचन क्षेत्रमा भने परिणाम जे पनि आउन सक्छ । काठमाडौं उपत्यकामा यसपालि साना दल र स्वतन्त्रको उम्मेद्वारीले ठ्याक्कै के हुन्छ, त्यो भन्न नसके पनि अप्रत्याशित र उथलपुथल परिणाम आउन सक्ने माहोलचाहिँ देखिन्छ ।

काठमाडौं उपत्यकामा कुनै पार्टीमा पनि आबद्ध नभएको, पढेलेखेको अनि स्वतन्त्रलाई भोट दिने जमात ठूलो छ । रञ्जु दर्शना, किशोर थापा हुँदै बालेन साहसम्म आइपुग्दा हामीले देखिरहेका छौं । यस्ता मतदाताको भोट सधैं 'सिफ्ट' भइरहने हुँदा यसपटक त्यसको फाइदा स्वतन्त्र र नयाँ उम्मेदवारले लिन सक्ने सम्भावना छ ।

दलहरूले 'यो देशमा राजनीति गर्ने, चुनाव लड्ने हाम्रो मात्रै अधिकार हो' भनेर जसरी नयाँबारे छुद्र टिप्पणी गर्ने प्रवृत्ति देखिएको छ, त्योचाहिँ अराजनीतिक हो । यसबाट स्वतन्त्रले फाइदा लिन सक्छन् या सक्दैनन्, त्यो अर्कै कुरा भयो, तर यसले दलहरूलाई पक्का घाटा पुर्याउँछ ।

पटकपटक सत्ता संहालेका नेताहरू समेत दुई-चार जना मान्छे मात्रै लिएर घरदैलो गरेको देखिन्छ । उनीहरूको कुरा मतदाताले पनि खासै चासो दिएर सुन्ने गरेका छैनन् । विगतको तुलनामा तडकभडकपूर्ण प्रचार छैन । यो राम्रो पक्ष हो । तर, चुनावजस्तो सबैभन्दा महत्वपूर्ण र अपिरहार्य पर्वप्रति जनताको चासो घट्दै जानु, जुन पार्टी पनि उस्तै त हुन् नि भन्ने अभिव्यक्ति जनताको मुखबाट आउनु लोकतन्त्रका लागि अशुभ संकेत हो । पार्टीहरू प्रभावकारी नभएसम्म बहुदलीय संसदीय व्यवस्था संस्थागत हुँदैन ।

साविकका पार्टीहरूप्रति जनताको रुची घट्दै जाने तर नयाँ पार्टीहरू प्रभावकारी ढंगले स्थापित हुन नसक्ने अवस्था भयो भने बहुदलीय संसदीय व्यवस्था अघि बढ्न सक्दैन । दुर्भाग्यबस त्यही बाटोतिर मुलुक अघि बढिरहेको छ । उदाहरणका लागि गत आमनिर्वाचनका विकल्प दिने भन्दै उदाएका विवेकशील साझा पार्टीप्रति जनताको सहानुभूति राम्रै देखियो ।

तर, पाँच वर्ष बित्दानबित्दै यो पार्टीको नामोनिशान छैन । पार्टीका अध्यक्ष स्वयं अर्को पार्टीमा प्रवेश गरेर उम्मेद्वार बनेको अवस्था छ । ०६४ सालदेखि तराईको मधेसी बाहुल क्षेत्रमा वैकल्पिक शक्तिका रूपमा उदाएका मधेसी दलहरू क्रमशः खिइँदै खिइँदै यतिबेला अस्तित्व रक्षाका चरणमा पुगेका छन् ।

यसपटकको चुनावमा नयाँ पार्टीका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको नाम अधिकांश क्षेत्रका मतदाताले लिएको देखिएको छ । यो नयाँ पार्टीले चुनाव जित्ने मत ल्याउन सक्ला या नसक्ला, के कति सिट हासिल गर्ला ? त्यो त परिणामले नै देखाउँछ । तर, साविकका राजनीतिकदलहरूप्रति जनता के कति वाक्कदिक्क बनेका रहेछन् ? भन्ने कुरा स्वतन्त्र पार्टी तथा केही निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेद्वारको पक्षमा आएको लहरले पनि पुष्टि गरेको छ ।

प्रमुख दलहरूले गलत उम्मेद्वार खडा गरेको निर्वाचन क्षेत्रमा जनता विकल्पका लागि उन्मुख हुनु स्वभाविक हो, हुनु पनि पर्छ । तर, ठूला दलले असल उम्मेद्वार खडा गरेका कतिपय निर्वाचन क्षेत्रमा समेत स्वतन्त्र तथा स्वतन्त्र पार्टीका पक्षमा लहर आउनु भनको गम्भीर संकेत हो ।

प्रमुख दलहरूका लागि सच्याउने ठाउँ अझै छ । जसले जे भने पनि अब राष्ट्रको नेतृत्व गगनले गर्छन, आँधिहुरी ल्याएर भए पनि । यति नगरी मुलुकले गति लिदैन । थोत्रा लहरी थन्क्याएर बुलेट ट्रेन हाँक्ने बेलामा नानाथरी कुरा गर्ने नै होइन । युवा हुँकार हो, 'नो कम्प्रोमाइज, यु जस्ट गो अहेड ।'

अब बढी खुराफात गर्न खोजे यो गणतन्त्र भाडमा जान्छ । त्यसैले आमनिर्वाचनपछि नयाँ र युवा उम्मेद्वार प्रधानमन्त्री बन्ने सन्देश देउवा नेतृत्वको लोकतान्त्रिक-बाम गठबन्धन र ओली नेतृत्वको वाम दक्षिणपन्थी गठबन्धनले यथाशीघ्र नदिने हो भने आफ्नो हातबाट अवसर गुम्छ भन्ने हेक्का ठूलादलहरूले राख्नै पर्छ । शेरबहादुर, प्रचण्ड या यस्तै यस्तै बासी अनुहारलाई भावी प्रधानमन्त्रीका रूपमा देख्न मतदाता तयार छैनन् भन्ने स्पष्ट संकेत देखिएको छ ।

व्यंग्य

## अस्ति मंसिर ४

● कृष्ण राना

आशा लिएर आयो,
धेरैसँग घुलमेल गर्यो,
टोल बस्ती चहार्यो,
कतिको खल्ती रित्यायो,

पहिले जस्तो धेरै रुङेन,
चिचीपापा त्यति गराएन,
दारु पानीमा कम बितायो,
केहिको भलो चितायो,

केही र्यालेहरुलाई सुतायो,
भुसतिघ्रेलाई नि लडायो,
पोइको काख भिजाए"नि
आखिर आखिर
देश र श्रमजीवीलाई
गयो निराश बनाएर !

# मोटोपन कसरी घटाउने ?

चाहिने भन्दा अत्यधिक खान्की खाँदा मानिस मोटो हुन्छ अनि आवश्यकता भन्दा कम भोजनले व्यक्ति दुब्लो हुन्छ भन्ने हो । तर धेरै खाने व्यक्ति निकै पातलो देखिनु अनि तुलनात्मरूपले कम खाने मानिस निकै भारी पाइएको छ । भोजनको मात्रा र मानिसको आकारबीच तालमेल नहुनुमा मेटाबोलिज्मलाई दोष दिन्छन् । आखिरमा मेटाबोलिज्म भनेको के हो अनि यसले कसरी हाम्रो मोटोपनमा असर पार्छ त ?

शरीरलाई चलायमान राख्न चाहिने ऊर्जा उत्पादन अनि अत्यावश्यक जैविक निर्माण विनिर्माणका लागि कोस (सेल) मा हुने रासायनिक प्रक्रियालाई समष्टिगतरूपमा मेटाबोलिज्म भनिन्छ । हामीले खाएको खान्की शरीरमा पुगेपछि चरणबद्ध रासायनिक प्रक्रिया सुरु हुन्छ अनि उक्त रासायनिक प्रतिक्रियाको सहजीकरणका लागि दर्जनौं इन्जाइम्सले भूमिका खेल्छन् । शरीरमा उत्पादन हुने हर्मोनहरूको संकेतले कुन इन्जाइम कति मात्रामा उत्पादन गर्ने भन्ने विषयलाई नियन्त्रण गर्छ। सबैको शरीरमा हर्मोनको उत्पादनमा समानता नहुने भएकाले सबै मानिसको मेटाबोलिज्म फरक हुन्छ। व्यक्ति नै पिच्छे मेटाबोलिज्म रफ्तार फरक हुने भएकाले उत्तिकै खान्की खाने अनि समान प्रकृतिको शारीरिक परिश्रम गर्नेमा एउटा मोटो अनि अर्को पातलो हुनु स्वाभाविक हुन्छ। हर्सपावर र आकारप्रकार समान भएका कारहरूमध्ये एक लिटर पेट्रोलले एउटा २० किलोमिटर कुद्ने र अर्को १० किलोमिटर मात्र हिँड्ने तथा पुरानो हुँदै गएपछि गाडीको क्षमतामा व्यापक परिवर्तन आउने दृष्टान्तसँग तुलना गर्न सकिन्छ मानवीय मेटाबोलिज्मलाई। व्यक्ति पिच्छे फरक हुने र पाको हुँदै गएपछि मेटाबोलिज्मको गति फरक हुनु स्वाभाविक हुन्छ।



मानिसले आवश्यकता भन्दा अधिक खान थाले। व्यक्तिको औसत वजन बढ्यो। खानाको तरिका मिलाउन नसक्दा मोटोपनाका कारण मुटु रोगी तथा चिनी बिरामीको संख्या बढ्यो। विगतमा खाना नपाएका कारण मरेको खबर बन्थ्यो भने अहिले मोटोपनका कारण सिर्जित रोगका कारण मर्ने मानिसको आकडा आकासिएको छ। जीउ घटाएर स्वस्थ बन्नु चुनौती भएको छ। वजन नियन्त्रणमा राख्न खाना नियन्त्रण गर्ने, जिमखाना धाउने अनि स्वस्थ खान्कीमा जोड दिनेको संख्या बढ्दो छ। उल्लिखित विधिहरू मोटोपन घटाउन सहायक हुने भए पनि त्यसलाई कसरी व्यवस्थित र दिगो बनाउने भन्ने सम्बन्धमा विशेषज्ञ सुझाव र आवधिक अन्वेषण पस्कन आवश्यक छ।

मोटाइमा व्यक्तिको जेनेटिक्स, हर्मोन, खानपिन अनि वातावरणले महत्वपूर्ण भूमिका खेल्छ। पुर्खाबाट आएको जेनेटिक्स फेर्न सक्ने कुरा भएन अनि हर्मोनको वैज्ञानिक अन्वेषण प्रारम्भिक चरणमा रहेकाले त्यसलाई केन्द्रमा राखी मोटाइ नियत्रण सम्भव देखिएन। वजन घटाउन सबैभन्दा सहज उपाय भनेको खान्की र शारीरिक परिश्रमबीचको समन्वय हो। खानाको मात्रामा कटौती गर्दा छोटो समयमै व्यक्तिको तौल निकै घट्छ। तर ह्वात्तै खान्की घटाएर पातलो हुँदा उक्त वजन नियन्त्रण क्षणिक मात्र हुने अनि व्यक्ति केही समयपछि नै पहिलेको भन्दा पनि अझ बढी मोटो हुन्छ। कम खाना खाइ छोटो समयमा धेरै वजन घटाइ 'द बिगेस्ट लुजर'को उपाधि पाएका मानिसलाई केही वर्षपछि सर्वेक्षण गर्दा उनीहरूलाई पहिलेको भन्दा अझ मोटाएका पाइएको छ। तसर्थ, वजन नियन्त्रणमा तातै खाउँ जली मरौं भन्ने सिद्धान्त लाभप्रद् नहुने बरु तौल कम गर्न दीर्घकालीन लक्ष्य लाभप्रद् हुन्छ। खान्की कम गरी छिटो दुब्लाउनेहरूको वजन नियन्त्रण किन अल्पकालीन भयो भनी गरिएको बायोलोजिकल उत्खननले अनौठो परिणाम दिएको छ।

भोजनपछि तृप्त महसुस गर्नुमा लेप्टिन हर्मोनले भूमिका खेल्छ भने पेट खाली भएपछि भोको अनुभव हुनुमा ग्रेलिन हर्मोनको। 'द बिगेस्ट लुजर'को बायोलोजिक परीक्षण गर्दा हर्मोनको उत्पादनले फरक चरित्र देखायो। पेट टन्न भएपछि स्वाभाविकरूपले मात्रा कम हुनुपर्ने लेप्टिनले उनीहरूको शरीरमा विपरित चरित्र देखाउने र खानापछि बढ्नुपर्ने लेप्टिक हर्मोनको मात्रा झन घट्ने गरेको देखिएको छ।

पेट टन्न भए पनि उनीहरूले सधैं भोको महसुस गरे, खाना देख्नेबित्तिकै खाइहाल्ने गरे। पेटको आकार अझ बढ्यो अनि खान्कीमा आशक्ति देखाउन थाले। परिणामस्वरूप उनीहरू पहिले भन्दा अझ बढी खान थाले, अनि विगत भन्दा अझ मोटा भए। तसर्थ, भोको र अघाएको महसुस गराउने हर्मोनहरूलाई आफ्नो चरित्रबाट विचलन हुन नदिन वजन घटाउँदा लामो समयको लक्ष्य राख्न आवश्यक छ। अर्को महिना २० किलो घटाएपछि तौललाई सन्तुलनमा राख्न खोज्नु भन्दा दुई वर्ष लगाएर बिस्तारै वजन नियन्त्रण गर्न खोज्नु न्यायोचित हुन्छ।

एक्कासि तौल घटाउन खोज्दा भविष्यमा प्रतिकूल परिणाम देखिने भएपछि विशेषज्ञले वजन नियन्त्रण गर्न दिएका सल्लाहको चर्चा सान्दर्भिक छ। कुन खान्की स्वस्थ छ अनि कुन खाना आफूले सहजै लामो समय खान सकिन्छ त्यसको छनोट गर्नुपर्छ। जतिसुकै स्वस्थ भए पनि पटक्कै मन नपर्ने भोजन लामो समय खान नसकिने यथार्थलाई समयमै बुझी अर्को विकल्प खोज्न उचित हुन्छ। एकै पटक धेरै कोच्नु भन्दा खान्कीको मात्रा घटाउनु लाभप्रद् छ। भोको महसुस नभई प्लेट नलिन सल्लाह दिन्छन् विज्ञहरू। कसरतले वजन घटाउने होइन बरु स्वस्थ रहन र वजन बढ्न दिँदैन भन्ने यथार्थ महसुस गरी दिनको झण्डै आधा घण्टा शारीरिक व्यायाम गर्नु फाइदाकारक हुन्छ।

तौल नियन्त्रणका लागि मानसिक तनाव प्रत्युत्पादक हुने भन्छ अन्वेषणले । तनावका बखत कोर्टिसोल भन्ने हर्मोनको उत्पादन बढ्छ। स्ट्रेस हर्मोनका रूपमा चिनिने कोर्टिसोलको उत्पादन आकासिएपछि इन्सुलिनको मात्रा बढ्छ अनि रक्त प्रणालीमा ग्लुकोजको मात्रा घट्छ। रगतमा ग्लुकोजको मात्रा घट्दा हङ्ग्री हर्मोन ग्रेलिनको परिणाम उकासिन्छ। अनि व्यक्तिले भोको महसुस गर्छ, शरीरले खाना खोज्छ। अन्ततः शरीरको साइज बढ्छ।

निन्द्रा र शारीरिक तौलबीच विपरित सम्बन्ध देखियो। दिनको ६ घण्टा पनि नसुत्दा कोर्टिसोल हर्मोन बढ्ने भएकाले त्यसको असर अन्ततः पाइन्टको कम्मर साइजमा देखिनु अस्वाभाविक भएन।

दिनमा खान्की खाँदा हाम्रो शरीरमा क्रेटिन काइनेज बि भन्ने इन्जाइमको उत्पादन बढ्छ। यसको उत्पादन उकासिँदा क्रिएटिनलाई क्रिएटिन फोस्फेटमा परिवर्तन गर्ने चक्र क्रियाशील हुन्छ। क्रिएटिन चक्रका क्रममा शरीरको सञ्चित ऊर्जा भने नास हुन्छ, उक्त प्रक्रियामा पैदा हुने ऊर्जाले शरीरको तापक्रम केही बड्छ। शरीरमा सञ्चित हुने खान्की थर्मोजेनेसिसमार्फत नासिन्छ, मोटाउनबाट हामी जोगिन्छौं। स्टार्ट गरेर नहाँकेको गाडीमा तेल खर्च हुने तर कुनै सकारात्मक काम नभए जस्तै क्रिएटिन साइकलले ऊर्जा मात्र खपत गर्ने भएकाले शरीरको वजन बढ्न दिँदैन। तर रातमा खाना खाँदा क्रिएटिन चक्र अस्तित्वमा नहुने भएकाले अँध्यारोमा खाएको खान्की खपत हुनुको बदला सिधै शरीरमा सञ्चित हुन्छ। तसर्थ, स्वाभाविकरूपले उज्यालोमा सक्रिय हुने मानिसका लागि सूर्यास्तपछिको खान्की घातक देखियो। डा. बास नेतृत्वको समूहले नक्चर्नल मुसामा गरेको अनुसन्धानले वर्षौंदेखि भनिँदै आएको सुत्ने बेला खाना नखानु भन्ने भनाइलाई वैज्ञानिकरूपले पुष्टि गरेको छ।

उल्लिखित विशेषज्ञ राय र वैज्ञानिक अन्वेषणलाई प्रशोधन गर्दा मोटो शरीरलाइ साइजमा ल्याई स्वस्थ बन्न दीर्घकालीन लक्ष्यका साथ स्वस्थ खान्की, नियमित कसरत, रात्रिकालीन विश्राम तथा दिनमा मात्र खाना खाने बानी बसाउन आवश्यक छ ।

# मोहम्मद अली कसरी जिन्ना बने ?



विष्णु भट्टराई

भारतका राष्ट्रपिता महात्मा गान्धी र पाकिस्तानका कायदे-ए-आजम मोहम्मद अली जिन्ना हुन् । महात्मा गान्धी गुजराती र मोहम्मद अली जिन्नाका आमाबाबु पनि गुजराती थिए । महात्मा गान्धीको जन्मस्थल गुजरातको काठियावाड जिल्लाको पोरबन्दर हो र जिन्नाका आमाबुवाको घर पनि काठियावाड जिल्लाको राजकोट जिल्लाको पानेली मोती गाउँ हो । दुई बीचको दूरी करिब ९५ किलोमिटर छ । मोहन दास करमचन्द गान्धीलाई विदेश जानुअघि १३ वर्षको उमेरमा उनका आमाबुवाले विवाह गरिदिएका थिए र जिन्नाका आमाबुवाले पनि १६ वर्षको उमेरमा इङ्गल्याण्ड जानुअघि आफ्नो छोराको विवाह पनेली मोती गाउँकी ११ वर्षीया केटीसँग गरिदिएका थिए ।

भनिन्छ, दुवैका अभिभावकलाई विदेशमा बिहे होला कि भन्ने डर थियो, त्यसैले उनीहरूले विवाहपछि मात्र विदेश जान दिएका थिए । पोरबन्दरमा रहेको गान्धीको घर आज संग्रहालयमा परिणत भएको छ । तर जिन्नाको हजुरबुवा र बुबाको घरमा के छ ? जिन्नाको पुर्ख्यौली घर र उनको बुबाको कराचीमा आगमनको कथा । यससँगै जिन्नाका पिताको परिवार हिन्दूबाट मुस्लिम बनेको थियो कि थिएन ?

तपाईंले यो तस्बिरमा देख्नु भएको दुई तले घरलाई जिन्नाको पुर्खाको घर भनिन्छ । भारतका पूर्व विदेशमन्त्री जसवंत सिंहले आफ्नो पुस्तक 'जिन्नाः इन्डिया, पार्टीशन, इन्डिपेन्डेन्स' मा जिन्नाका हजुरबुवा पुन्जाभाई ठक्कर आफ्ना तीन छोरा वाल्जीभाई, नाथुभाई, जेनाभाई र एउटी छोरी मानबाईसँग सधैं पनेली गाउँमा बस्थे ।

जसवंत सिंहले लेखेका छन्, 'यो परिवार खोजा मुस्लिम थियो । खोजा वोहरा मुस्लिम जस्तै शान्तिप्रेमी व्यापारी हुन् । तिनीहरूले अन्य संस्कृति र भाषा धेरै छिटो ग्रहण गर्छन् । पुन्जाभाई हातको काम गरेर परिवारको खर्च जुटाउने गर्थे । तर पुन्जाभाईका कान्छो छोरा जेनाभाईले पनेली छोड्ने जोखिम उठाए र नजिकैको गोण्डल गए । पनेली गाउँ छोड्ने यो पहिलो पाइला थियो । अब गाउँ छोडेर अर्को गाउँको कुरा गरौँ । पानेली मोती गाउँ राजकोट जिल्लाको उपलेटा तहसीलमा छ ।


यो यूपी-बिहारका गाउँहरू भन्दा पूर्ण रूपमा फरक छ । यस गाउँमा पसलहरू छन्, सहरहरू जस्तै बैंकहरू र ठूला ट्रकहरू पनि गाउँ भित्र आरामसँग आवतजावत गर्न सक्छन् ।

गाउँको जनसंख्या १३ हजार रहेको पनेली मोतीका उपसरपञ्च जतिनभाइका अनुसार अहिले पनि यहाँ पाँचदेखि छ मुस्लिम परिवार बसोबास गरिरहेका छन् । यो गाउँलाई जिन्नाको गाउँ भनेर चिनिन्छ । गाउँको बच्चाले पनि तपाईंलाई घरमा लैजान्छ, जुन मोहम्मद अली जिन्नाको परिवारको हो भनिन्छ । यो घर करिब ११० वर्ष पुरानो हो र दुई तला छ । एउटा भान्छाको साथ तल दुई कोठा र अर्को भान्छा संग माथि दुई कोठा । यस्ता घरहरू गुजरातमा प्रशस्त मात्रामा पाइन्छ । घरको प्रवेशद्वारमा ढकढक्याएपछि भित्रबाट एकजना व्यक्तिले ढोका नखोलेर सोधे को हो ?

उसले आफ्नो परिचय दिंदा, धेरै अनिच्छुकतासाथ ढोका खोल्यो । भित्र पसेपछि बस्न भनेनन् । मैले उसको नाम सोध्दा उसले अनायासै अधूरो नाम प्रवीण भन्यो ।केही बेर कुरा गरेपछि उनले आफ्नो पूरा नाम प्रवीण भाइ पोपट भाइ पोकिया खुलाए । प्रवीण भाइ पटेल जातका हुन् । उनीसँग कुरा गर्दा उनकी ७० वर्षीया आमा नन्दु बेन पनि साथमा थिइन् ।

जुनसुकै बेला जो कोही घरमा आएर सोधपुछ गर्न थाल्यो भने प्रवीण भाइ निकै रिसाउँछन् । प्रवीण भाइले भने, 'तिमीले ढोका ढकढक्याउँदा म सुतिरहेको थिएँ । अहिले खेतबारीमा काम गर्न जानुपर्छ । मेरो सुत्ने समय पनि बिग्रियो र खेत जान ढिलो हुनेछ । यो आजको कुरा मात्र होइन । यो हरेक दिन हुन्छ । कहिले पत्रकार, कहिले जिल्ला अधिकारी, कहिले नेता, कहिले अरु । साँच्चै भन्नुपर्दा, म यो घरबाट दिक्क भएँ । सन् २००५ मा यो घर हेर्न विदेशी मिडिया पनि आएका थिए ।'

आडवाणीको पाकिस्तान भ्रमणमा पनेली मोटो र चर्चामा आएका थिए



सन् २००५ मा तत्कालीन भाजपा अध्यक्ष लालकृष्ण आडवाणी पाकिस्तान गएका थिए । आडवाणीले कराँचीमा जिन्नाको चिहानमा गएर श्रद्धाञ्जली अर्पण गरे । जिन्नालाई श्रद्धांजलि अर्पण गर्दा आडवाणीले उनलाई धर्मनिरपेक्ष र हिन्दू-मुस्लिम एकताको दूत भने ।

जिन्नाको प्रशंसा गर्दै आडवाणीले त्यहाँको रजिस्टरमा लेखेका छन्, 'इतिहासमा अमिट छाप छोड्ने धेरै व्यक्ति छन् । तर इतिहास रच्ने मान्छे कमै छन् । काइद-ए-आजम मोहम्मद अली जिन्ना ती थोरै व्यक्तिहरू मध्ये एक हुन् । आडवाणीको यो भनाइलाई लिएर भाजपामा निकै विवाद भएको थियो । भाजपाले आडवाणीको भनाइबाट टाढै रह्यो । यो बयानपछि भाजपामा आडवाणीको कद घट्दै गएको बताइएको छ । आडवाणीको भनाइलाई लिएर उठेको विवाद पनेली मोती गाउँसम्म पनि पुगेको थियो ।

प्रवीणभाई पोकियाका जेठा दाजु चमनभाइ पोकिया भन्छन्, 'आडवाणीको पाकिस्तान भ्रमणले हामी सबैलाई दुःखी बनाएका थियौं । यस घरमा आएर सबैले जिन्नालाई खोजिरहेका थिए । इमानदारीपूर्वक भन्नुपर्दा, हामी अब यो घर बेच्न चाहन्छौं ।' हामी नयाँ घर किन्नेछौं । यदि कोही खरिदकर्ता छ भने, हामीलाई भन्नुहोस्, हामी उसलाई दिन्छौं । उनले चाहेमा जिन्नासँग सम्बन्धित संग्रहालय बनाउन सक्छन् ।

प्रवीणकी आमा नन्दु बेनले यो घरमा केही परिवर्तन नभएको बताइन् । उनी सम्झन्छिन्, 'मेरो जीवन यही घरमा बित्यो । अब अन्तिम समय हो । मेरा छोराहरू जिन्ना घरमा भएको देखेर रिसाउँछन् तर मलाई कुनै समस्या भएन । बिहे गरेर यो घरमा आउँदा पनि यस्तै थियो ।

बिजुली आयो, तार र बल्ब जडान गरियो । कतिपय ठाउँमा प्लास्टरिङ पनि गरिएको छ । बाँकी संरचना उस्तै छ । ५० वर्षीय प्रवीण भाइ पोकिया भन्छन्, 'स्कुलमा पढ्दा पनि मानिसहरूले मेरो घर जिन्नाको घर हो भन्थे । मेरो हजुरबुवाले पनि भन्नुहुन्थ्यो कि यो घर मोहम्मद अली जिन्नाका पिताको हो । गाउँमा मेरो परिचय पनि यही ठाउँबाट हो, जिन्नाका हजुरबुवा र बुबा यही घरमा बस्थे ।

पहिले ठिकै थियो तर अहिले धेरै पटक समस्या भएको छ । मानिसहरू जुनसुकै बेला घरमा आउँछन् । यो घर बेच्नु पर्छ भनेर म तिमी मार्फत भन्दैछु । पनेली मोती गाउँका ७० वर्षीय किरण भीमज्यानीले जिन्नाको पहिचानसँग सम्बन्धित जानकारी एकै स्वरमा दिन्छन् । उनी भन्छन्, 'यी लोहा ठक्कर जातका थिए । यी मानिसहरूले पछि इस्लाम स्वीकार गरे । मेरो हजुरबुवा भन्नुहुन्थ्यो, पुन्जाभाईले माछाको व्यवसाय सुरु गरेका थिए । त्यही भएर लोहाना-ठक्कर जातिले बहिष्कार गरेका थिए । बहिष्कारपछि यी परिवारले इस्लाम धर्म स्वीकार गरेका थिए । यो परिवार मुस्लिम भएको पत्ता लाग्यो । मेरो घर पनि छेउमा छ । मेरो गाउँ धेरै चर्चित छ । हर्षद मेहता पनि यही गाउँका थिए । पनेलीका उपसरपंच जतिनभाइ भन्छन्, 'जिन्नाका कारणले हाम्रो गाउँको नाम पनि बदनाम छ र भारत विभाजनका कारण पनि बदनाम छ । जिन्ना भारतको स्वतन्त्रता संग्राममा संलग्न थिए, यसमा गर्व छ तर उनले पाकिस्तान बनाए, त्यसैले मलाई पनि अलिकति नराम्रो लाग्यो ।'

चिमनभाई पटेल इन्स्टिच्युटका निर्देशक डा. हरि देसाईलाई आधुनिक भारतको सामाजिक र राजनीतिक इतिहासका विज्ञको रूपमा चिनिन्छ । जिन्नाको परिवारको बारेमा, उनी भन्छन्, 'पुंजाभाई ठक्करका छोरा जेनाभाई ठक्कर थिए । जनाभाईका छोरा मैमद अर्थात् मोहम्मद अली जिन्ना बने । यो परिवार हिन्दू थियो । पुन्जाभाई माछाको व्यापार गर्थे ।'

लोहाना जाति रूढिवादी थियो । यस्तो अवस्थामा माछाको व्यापारलाई लिएर निकै विरोध भएको थियो । यस विरोधपछि पुन्जाभाईले इस्लाम धर्म स्वीकार गरे । डा हरि देसाई भन्छन्, 'पछि पञ्जाभाई पनि हिन्दु बन्न चाहन्थे तर जनताले मानेनन् ।' जेनाभाई व्यापारका लागि कराँची गएका थिए । मोहम्मद अली जेनाभाईले पछि आफ्नो नाम जिन्ना राखे ।

जिन्ना पढाइका लागि होइन व्यापारका लागि लण्डन गएका थिए । पछि त्यहाँ ब्यारिस्टर पढ्न थाले । जिन्नाले विवाह गरेकी केटीको नाम अमी बाई थियो ।जिन्नाकी आमाले लन्डनमा गोरा केटीसँग बिहे नगर्नका लागि विदेश जानुअघि विवाह गरून् भन्ने चाहन्थिन् । गान्धीको विवाह पनि यस्तै भयो । जिन्नाले पछि पारसी युवतीसँग विवाह गरे ।

जसवंत सिंहले आफ्नो पुस्तकमा लेखेका छन् कि जिन्नाका पिता जेनाभाई ठक्कर सन् १८७५ मा व्यापारको सिलसिलामा अविभाजित भारतको कराची सहर गएका थिए । बम्बई जस्तै बेलायती शासकहरूले कराँचीमा पनि व्यापारिक चौकी बनाएका थिए ।'

जसवंत सिंहले लेखेका छन्, 'जेनाभाईले सर फ्रेडरिक ली क्रफ्टलाई कराँचीमा भेटे । उनी कराचीको शीर्ष व्यवस्थापन निकाय डगलस ग्राहम एण्ड कम्पनीका महाप्रबन्धक थिए । फ्रेडरिकसँगको सम्पर्क जीनाभाईको जीवनमा एउटा टर्निङ प्वाइन्ट साबित भयो । जेनाभाईको व्यापार फस्ट्यो र धेरै आर्थिक फाइदा पनि भयो । कराँचीमा नै जेनाभाईकी पत्नी मिठीबाईले २५ अक्टोबर १८७६ मा छोरालाई जन्म दिइन् (जन्ममिति अझै अनिर्णित छ) । पुन्जाभाईको घरका सबै पुरुष सदस्यहरूको नाम हिन्दू जस्तै थियो । तर कराँची पूरै फरक थियो ।

जसवंत सिंहले लेखेका छन्, 'कराचीमा मुस्लिमहरूको ठूलो जनसंख्या थियो र वरपरका बच्चाहरूको नाम मुस्लिमहरूले राखे जस्तै थियो ।' जेनाभाईले आफ्नो नवजात शिशुको नाम यसरी राख्नु हुँदैन यसले हानी पुर्‍याउन सक्छ भन्ने लाग्यो ।

जेनाभाईले छोराको नाम मोहम्मद अली जेनाभाई राखे । तर, काठियावाड क्षेत्रमा नामको अन्त्यमा बाबुको नाम जोड्ने चलन उनले छोडेनन् । उनले थप लेखेका छन्, 'जेनभाई र मिठीबाईले आफ्ना छोरा मोहम्मद अलीलाई हसन पीरको दरगाहमा 'अकीका' अनुष्ठानका लागि ल्याए । यो दरगाह गणोडको पनेली गाउँबाट केही किलोमिटर टाढा छ । यहाँ मुहम्मद अली टन्सर गरिएको थियो ।' मिठीबाईले छोराको सुरक्षाका लागि यो काम गरिरहेकी थिइन् । मोहम्मद अली जिन्नाको प्राथमिक शिक्षा औपचारिक रूपमा भएको थिएन । मिठीबाई र जेनाभाईले पनेली मोतीबाट एकजना शिक्षकलाई गुजराती पढाउन बोलाएका थिए , नौ वर्षको उमेरमा उनलाई प्राथमिक विद्यालयमा पठाइयो र पछि सिन्ध-मदरसा-तुल-इस्लाममा सारियो । यहाँ उनले साढे तीन वर्ष अध्ययन गरे । मदरसा पछि, मोहम्मद अलीलाई कराँचीको चर्च मिशन स्कूलमा पठाइयो ।

सन् १८९२ को नोभेम्बरको पहिलो हप्तामा फ्रेडरिकको सल्लाहमा जिन्ना व्यापार सिक्न लन्डन गए र यहाँ उनले आफ्नो नाम जनाभाईबाट बदलेर जिन्ना राखे । (बिबिसी हिन्दीबाट)

*(एजेन्सीहरूको सहयोगमा)*

# विश्वकप २०२२ का केही प्रसंग

काठमाडौँ । विश्वकप फुटबल २०२२ कतारमा भव्य समारोहबीच सुरु भएको छ । उद्घाटन खेल नै आयोजक कतार र इक्वेडरबीच प्रतिस्पर्धा भइरहेको छ ।




अल बायात रंगशालामा सुरु भएको खेलको तस्रो मिनेटमै इक्वेडरका एनर भ्यालेन्सियाले अफसाइड गोल गरेका थिए । उद्घाटन खेल अवलोकन गर्नका लागि संसारभरका फुटबलप्रेमी र खेलाडीहरू कतार पुगेका छन् । जहाँ ८ वटा रंगशालामा ६४ वटा खेल हुने तालिका छ । विश्वकप खेल आयोजना गराउने कतार पहिलो मध्यपूर्वी देश पनि हो ।

आयोजक कतारले रंगशाला बाहिर पनि प्रमुख स्थानमा विश्वकपमा सहभागी ३२ देशका राष्ट्रिय झन्डाको रङमा कंक्रिटका ठूला फुटबल सजाएर प्रदर्शन गरेको छ । यस्तै बत्तीको खम्बामा फिफा विश्वकप र कतार विश्वकप लेखिएका झन्डा फहराइएका छन्। सडकमा गुडेका सार्वजनिक बस र हालै सञ्चालनमा ल्याइएका मेट्रो (रेल) पनि विश्वकपकै लोगो र फुटबलसम्बन्धी तस्बिरले रंग्याइएको छ।

### मेसी जित्ने सम्भावना बलियो

काठमाडौं । स्पेनी प्रशिक्षक लुइस एनरिकेले केही दिनअगाडि भनेका थिए, यदि अर्जेन्टिनी लियोनल मेसीले विश्वकप जित्न सक्दैनन् भने त्यो अन्याय नै हुनेछ। तर सातपल्टको बालोन डी'अर विजेताका लागि सायद समय र अवसर दुवै बितिरहेको छ।

क्रिस्टियानो रोनाल्डोसँगै उनी पाँचौं पटक विश्वकप खेलिरहेका छन्।



अन्तिम पनि। यो पुस्ताले देखेका महान् फुटबल खेलाडी यिनै दुई हुन्। अझ उनीहरूलाई सर्वकालीन महान् मान्ने पनि छन्।

विवादरहित सर्वकालीन महान् खेलाडी पेले र अर्जेन्टिनाले कम्तीमा एकपल्ट विश्वकप जिते। तर डर छ मेसी र रोनाल्डोमाथि कहिले पनि विश्वकप जित्न नसकेको दाग लाग्न सक्छ। भन्न सकिन्छ, सायद मेसीसामु यसपल्ट विश्वकप जित्ने सबैभन्दा राम्रो अवसर छ। सन् २०१४ को विश्वकपमा अर्जेन्टिना विश्वकपको फाइनलमा त पुग्यो, तर ब्राजिलमा भएको यस प्रतियोगितामा जर्मनीसँग १-० ले पराजित रह्यो। मेसीका लागि निकै पीडादायी थियो।

अझ सन् २०१६ तिर मेसीले अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएको घोषणासमेत गरे। सबैको अपेक्षाअनुसार उनले आफ्नो निर्णय फेरे र अर्जेन्टिनाका लागि २८ वर्षयता पहिलो उपाधि पनि जिते। ब्राजिलमा भएको कोपा अमेरिकाको फाइनलमा अर्जेन्टिनाले आयोजक देशलाई नै हराएको थियो। त्यो पनि माराकाना रंगशालामा। त्यो त्यही रंगशाला हो, जहाँ त्यसको सात वर्षअघि विश्वकप फाइनलमा हार बेहोरेको थियो। अहिले तत्काल भने अर्जेन्टिना लयमा छ।

उपाधिको बलियो दाबेदार मानिएको अर्जेन्टिना लगातार ३६ खेलमा अपराजित छ। त्यतिमात्र होइन, अर्जेन्टिना यसपल्टको लिग चरणमा सजिलो समूहमा रहेको छ। कम्तीमा कागजमा यत्तिको दाबी गर्न मिल्छ। अर्जेन्टिनाले मंगलबार आफ्नो पहिलो खेल खेल्दै छ साउदी अरेबियाविरुद्ध। त्यसपछि अर्जेन्टिनाले मेक्सिको र पोल्यान्डको सामना गर्नेछ।

बार्सिलोनाका लागि नोउ क्याम्पमा प्रिय खेलाडी भएका लेवान्डोस्की मेसीले छाडेर गएको विरासत सम्हाल्ने प्रयासमा छन्। लेवान्डोस्की त्यस्ता पुस्ताका खेलाडी हुनेछन्, जसले विश्वकपमा अन्तिम पटक मेसीलाई देख्नेछन्। यस्तै अनुभव सायद केही आत्मविश्वासी साउदी खेलाडीले पनि गर्नेछन्। साउदी मिडफिल्डर अब्दुल्लाह अल-मलिकी मान्छन्, उनको टिम मेसीको सामना गर्दा भावनामा बग्ने छैन।

मेसीसामु अर्जेन्टिनी फुटबल नायक रहेका दिवंगत म्याराडोना सन् १९८६ मा आफ्नो देशका लागि विश्वकप जिते र सधैंका लागि अमर बने। मेसीले चार युरोपेली च्याम्पियन्स लिग र १० स्पेनी ला लिगा जितेका छन्। त्यसैले उनी पक्कै पनि त्यसमा विश्वकप थप्न चाहन्छन्। तर, यस्तो इच्छा उनको एक्लो मात्र हुने छैन। एनरिके भन्छन्, 'यदि स्पेनले विश्वकप जित्न सक्ने छैन भने म चाहन्छु, अर्जेन्टिनाले जितोस् मात्र मेसीकै लागि भए पनि।'

मेसी बार्सिलोनाकै खेलाडी हुँदा एनरिकेले तीन वर्ष क्लब सम्हालेका थिए। सर्जियो अगुइरो र गोन्जालो हिग्विनले पछिल्लो समय संन्यास लिए पनि अहिलेको अर्जेन्टिना टिम अझै उत्तिकै बलियो मानिएको छ। त्यो पनि गत वर्षको तुलनामा।

### सर्बियाले ब्राजिलको सामना गर्ने

कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ मा आज (बिहीबार) चारवटा खेल हुँदैछन् । समूह जी र समूह एचका दुई-दुई खेल हुनेछन् । समूह जीमा रहेको स्वीट्जरल्याण्ड र क्यामरुनबीच पहिलो खेल हुनेछ । खेल नेपाली समयअनुसार दिउँसो पौने ४ बजे अल जानोबल स्टेडियममा सुरु हुनेछ । आजको दोस्रो खेल समूह एचमा रहेको उरुग्वे र दक्षिण अफ्रिकाबीच बेलुका पौने ७ बजे सुरु हुनेछ । यो खेल एजुकेसन सिटी स्टेडियममा हुनेछ। समूह एचमै रहेका पोर्चुगल र घानाबीचको खेल राति पौने १० बजे सुरु हुनेछ । यस्तै समूह जीमा रहेका ब्राजिल र सर्बियाबीच मध्यराति पौने १ बजे खेल सुरु हुनेछ। यो खेल लुसेन आइकोनिक स्टेडियममा हुनेछ ।

### रोनाल्डोलाई दुई खेलको प्रतिबन्ध

म्यानचेस्टर युनाइटेडका पूर्व फरवार्ड क्रिस्टियानो रोनाल्डोलाई फुटबल एसोसिएसनले दुई खेलमा प्रतिबन्ध लगाएको छ। अप्रिलमा एभर्टन विरुद्धको खेलमा पराजित भएपछि एभर्टनका समर्थकको फोन फुटाएको आरोपमा रोनाल्डोलाई दुई खेलको प्रतिबन्ध लगाइएको हो । साथै उनलाई ५० हजार पाउण्ड जरिवाना समेत सुनाइएको छ। मंगलबार मात्रै युनाइटेडसँग आपसी सम्झदारी सम्झौता तोडेपछि रोनाल्डो अहिले क्लबविहिन छन् । हाल विश्वकप फुटबल खेल्नका लागि रोनाल्डो पोर्चुगिज टिमसँग कतारमा छन् र बिहीबार पोर्चुगलले पहिलो खेल घाना विरुद्ध खेल्दैछ । हाल रोनाल्डो क्लबविहिन छन् । अब रोनाल्डो जाने नयाँ क्लबमा उनको प्रतिबन्ध लागु हुनेछ ।



### स्पेनको शानदार जित

कतारमा जारी फिफा विश्वकप अन्तर्गत समूह इको खेलमा स्पेनले कोस्टारिकालाई ७-० को फराकिलो अन्तरले पराजित गरेको छ । विश्वकपमा स्पेनको यो अहिलेसम्मको सबैभन्दा ठूलो जित हो। साथै यस विश्वकपको पनि यो फराकिलो जित हो । अल थुमामा स्टेडियममा बुधबार राति भएको खेलमा स्पेनलाई फराकिलो जित दिलाउने क्रममा युवा खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरे ।

फेरान टोरेसले दुई गोल गरेको खेलमा ६ फरक खेलाडीले गोल गरे। फेरानले ३१औं र ५४औं मिनेटमा गोल गरे । डानी ओल्मोले ११औं र मार्को असेन्सिओले २१औं मिनेटमा गोल गरेका थिए। यस्तै गावीले ७४औं मिनेटमा गोल गरे। १८ वर्षीय गावी विश्वकपमा गोल गर्ने स्पेनको सबैभन्दा कान्छा खेलाडी बने भने समग्रमा पेले र मानुएल रोसासपछि तेस्रो कान्छा खेलाडी बने ।

वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेका कार्लोस सोलरले ९०औं र अल्भारो मोराटाले इन्जुरी टाइममा गोल गरेपछि स्पेनले फराकिलो जित निकालेको हो । सन् २०१० को च्याम्पियन स्पेनले पहिलो खेलमै फराकिलो जित निकाल्दै उपाधि दाबेदारी पेश गरेको छ। यसै समूहमा रहेको पूर्व च्याम्पियन जर्मनी भने पहिलो खेलमै जापानसँग पराजित भएको छ ।

प्रेरक

## दुर्योधनलाई स्वर्ग किन ?



१८ दिनपछि महाभारतको युद्ध समाप्त भयो। सम्पूर्ण कौरव सेना र योद्धा युद्धमा मारिइसकेका थिए। पाण्डवले पनि केही समय शासन सञ्चालन गरेपछि उनीहरू स्वर्गतर्फको यात्राका लागि सबै भाइ हिमालय पुगे। त्यहाँ पुग्दानपुग्दै द्रौपदीसहित सबै भाइ ढले। पत्नी र भाइहरू ढलेपछि युधिष्ठिर मात्र एक्लै स्वर्ग गए।

युधिष्ठिर जीवितै स्वर्ग गएका थिए। त्यहाँ उनले स्वर्ग र नरक दुवै देखे। उनले स्वर्गमा प्रवेश गर्नासाथ त्यहाँ आरामसाथ बसिरहेका दुर्योधनलाई देखे। उनले आफ्ना भाइहरूलाई पनि भेटे। बाटामा भाइहरू ढल्दै गर्दा पनि प्रश्न गरिरहने भीमले यहाँ पनि दाजु युधिष्ठिरसित प्रश्न गरे, 'दाजु, यो दुष्ट दुर्योधनले जीवनभर अनीतिको पक्ष लियो। यसले जीवनमा दुराचारसिवाय केही गरेन। उसले जीवनमा स्वर्ग प्राप्त गर्ने एउटै पुण्य कर्म गरेको थिएन। तैपनि, उसले स्वर्ग कसरी प्राप्त गऱ्यो ? के ईश्वरको न्यायमा पनि पक्षपात हुन्छ हो ?'

युधिष्ठिरले भने, 'त्यस्तो होइन भीम, ईश्वरीय विधानअनुसार प्रत्येक पुण्यको परिणाम अत्यन्त थोरै नै भए पनि उसले स्वर्ग प्राप्त गर्छ। सबै दुर्गुण हुँदाहुँदै पनि दुर्योधनमा एउटा सद्‌गुण थियो, जसको प्रसादस्वरूप उसलाई स्वर्गमा स्थान प्राप्त भयो।' भीमले सोधे, 'दुर्योधनमा त्यस्तो कुन सद्‌गुण थियो, जसका कारण उसलाई स्वर्गमा स्थान प्राप्त भयो ?' युधिष्ठिरले जवाफ दिए, 'ऊ आफ्नो लक्ष्य प्राप्त गर्न जहिल्यै तन्मयतासाथ जुटिरह्यो।

आफ्ना खराब संस्कारका कारण उसले जीवनलाई सही दिशा दिन नसके पनि उसको मार्ग भने सही थियो। ध्येयप्रति एकनिष्ठ रहनु पनि निकै ठूलो सद्‌गुण हो। यस सद्‌गुणको पुण्यको परिणामस्वरूप केही समयका लागि उसलाई स्वर्गमा स्थान प्राप्त हुनु निश्चित थियो।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। तर भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ। आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्। व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ। विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्ला। साँझदेखि काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला।

### वृष

अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला। अप्ठ्यारा परिस्थिति सुल्झाउनमै समय बित्नेछ। सहयोगीहरू पछि हट्नाले नयाँ योजना प्रारम्भ गर्न समस्या पर्नेछ। व्याहारिक अलमलले काममा बाधा पुर्‍याउनेछ। तापनि भौतिक साधन जुटाउन सकिनेछ। साँझदेखि व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ। मिहिनेत गर्दा पहिलेको उपलब्धि जोगाउन सफल भइनेछ।

### मिथुन

कामको मेसो नमिल्दा केही अलमल हुनेछ। छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। साँझतिर स्थितिमा सुधार आउनेछ र साहसी काम गरेर अरूको मन जित्न सकिनेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। मनग्य धनलाभ हुनेछ।

### कर्कट

हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्ला। अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ। साँझतिर स्वास्थ्य कमजोर रहने हुँदा आहारविहारमा ध्यान पुर्‍याउनुहोला। कामको मेसो नमिल्दा केही अलमल पनि हुनेछ।

### सिंह

अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। हल्लाको पछि लाग्दा दुःख पाइनेछ। तापनि, लगनशीलताले परिस्थिति अनुकूल बन्न सक्छ। पछि लाभ हुने काम प्रारम्भ हुनेछ। साँझदेखि केही घरायसी समस्याले पिरोल्न सक्छ। आफन्त टाढिन सक्छन्। साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला। अरूको मुख ताक्ने बानीले काम रोकिन सक्छ।

### कन्या

अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला। अध्ययन र व्यापारमा सामान्य प्रगति हुनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय रहेकाले सजग रहनुहोला। मिहिनेतीहरूलाई सामान्य फाइदा भइरहनेछ। साँझतिर विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्ला। साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला। बेसुरमा काम गर्दा दुःख पाइनेछ। पुरानो गतिले पनि काम बिग्रन सक्छ।

### तुला

ज्ञान, कला र व्यक्तित्वमा निखारता आउनाले पुरुषार्थी काम गर्ने समय छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। आकर्षक उपहारले उत्साह जगाउनेछ। तर अरूको भरपर्दा काम बिग्रन सक्छ। आगन्तुकले अलमल्याउन सक्छन्। साँझतिर परिस्थिति अलि संघर्षपूर्ण रहन सक्छ। अरूको विश्वास गर्ने बानीले समस्या निम्त्याउला। विवादास्पद कामको जिम्मेवारीले नोक्सान पुर्‍याउनेछ।

### वृश्चिक

भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभाव देखापर्नेछ। काम बिग्रने भयले सताउनेछ। न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला। मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। साँझतिर नयाँ योजना थाल्न सकिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट खानपानको अवसर प्राप्त हुनेछ।

### धनु

मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्। आवश्यक भौतिक साधन सजिलै जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। साँझदेखि खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ। सोखले फजुल खर्च बढाउनेछ। आँटेको काममा बाधा हुन सक्छ।

### मकर

नियमित काममा जुट्दाजुट्दै पनि केही कमजोरी देखा पर्नेछन्। आलोचकहरू बढ्न सक्छन्। परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला। मौका पर्खंदा स्थितिमा सुधार आउनेछ। साँझदेखि आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिलेका कामबाट पनि प्रशस्त लाभ हुनेछ। उठ्नुपर्ने रकम हातलागी हुनेछ। कृषि, पशुपालन र व्यापारमा फाइदा हुनेछ।


### कुम्भ

परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। कामको चाप बढ्नेछ भने शरीरमा थकान महसुस हुनेछ। अरूको बारेमा चासो लिँदा व्यर्थै झमेला बढ्न सक्छ। उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। साँझतिर सामाजिक दायित्व हातलागी हुनेछ। कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य पनि हुन सक्छ। लाभांशमा भने अरूले समेत दाबी गर्न सक्छन्।

### मीन

स्वास्थ्य कमजोर रहने समय छ। खर्च र चुनौतीको समय रहेको हुँदा व्यवहारमा पनि सजग रहनुपर्ला। कामको चाप बढे पनि सानोतिनो समस्यामाले अल्झाउन सक्छ। अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। काममा आफ्नो श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन्। पहिले दिएको वचनले अप्ठ्यारो पार्न सक्छ। आफन्त तथा साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला।

## युक्रेन युद्ध अन्त्य गर्न आह्वान



बैंकक । एसिया-प्रशान्त क्षेत्रका नेताहरूले युक्रेन युद्ध अन्त्यको आह्वान गर्दै यस क्षेत्रको दिगो आर्थिक उन्नयन तथा खुला व्यापार प्रवर्द्धनका निम्ति काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) का प्रमुख कार्यकारी अधिकृतहरूको शिखर सम्मेलन समापनका अवसरमा सम्मेलन आयोजक देश थाइल्यान्डले युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गरेको जनाएको छ। एक्काइस सदस्यीय एपेकका सदस्य चीन र रुस पनि हुन् । यद्यपि चीनले रुसी आक्रमणको आलोचना गरेको छैन ।

शिखर सम्मेलन समाप्तिपछि जारी घोषणापत्रमा युद्धका बारेमा एपेक नेतृत्वको मत बाझिएको छ। एपेकले आर्थिक सम्बन्ध विस्तार र व्यापार प्रवर्द्धनलाई नै जोड दिएको तथा एपेक द्वन्द्व समाधानको मञ्च नभएको जनाइएको छ। मञ्चले युद्ध र द्वन्द्वबाट आर्थिक विकासका मार्गमा अकल्पनीय परिणाम ल्याउन सक्नेतर्फ सचेत गराएको छ। एपेकका अधिकांश सदस्यले युक्रेनमाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेका थिए। युक्रेन युद्धले ठूलो मानवीय पीडा निम्त्याएको, विश्व बजारमा महँगी बढेको, आपूर्तिमा समस्या उत्पन्न भएको, खाद्य असुरक्षा र वित्तीय जोखिम निम्त्याएकामा गम्भीर चिन्ता व्यक्त गरेका थिए।

यसअघि इन्डोनेसियाको बालीमा भएको विश्वका प्रमुख विकसित एवं उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वान्टीले पनि संयुक्त राष्ट्रसंघीय महासभाले प्रस्तुत गरेको प्रस्तावप्रति समर्थन जनाउँदै युक्रेनविरुद्ध रुसले गरेको आक्रमणको निन्दा गरेको थियो। उक्त अन्तरसरकारी समूहले युक्रेनी भूभाग रुसले बिनासर्त फिर्ता गर्नुपर्नेमा जोड दिएको थियो। सम्मेलन समापनका क्रममा दक्षिणपूर्वी एसियाली देशमा भएका घटनाको समीक्षा पनि भएको थियो। कोभिड-१९ महामारीका कारण दुई वर्षसम्म आमनेसामने वार्ताको अवसर नपाएका नेताले 'साइड लाइन' वार्तामा क्षेत्रीय र अन्तर्राष्ट्रिय चासोका विविध विषयमा विचारविमर्श गरेका थिए।

शिखर सम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै चीनका राष्ट्रपति सी चिनफिङले खुला व्यापार र लगानीका निम्ति आह्वान गरेका थिए। उनले बहुपक्षीयतालाई वास्तविक रूपमा कायम राख्नुपर्ने, बहुपक्षीय व्यापार प्रणालीको रक्षा गर्नुपर्ने, विधिमा आधारित बहुपक्षीय व्यापार प्रणालीको संरक्षण गर्न तथा विश्वव्यापी औद्योगिक एवम् आपूर्ति शृंखलालाई सुरक्षित र स्थिर राख्न साझा प्रयास हुनुपर्नेमा विशेष जोड दिएका थिए।

## विश्वको जनसंख्या ८ अर्ब पुग्यो

काठमाडौं । बितेका १२ वर्षमा एक अर्ब मानिस थपिएसँगै आजदेखि विश्वको जनसंख्या आठ अर्ब पुगेको छ।

संयुक्त राष्ट्रसंघको प्रक्षेपणअनुसार जन्मदर सुस्त हुनअघि नै विश्वको जनसंख्या आठ ८ अर्ब पुगेको हो। स्वास्थ्य क्षेत्रमा भएको विकासले मानव आयु लम्बिएको छ।

विश्व जनसंख्या दिवसका अवसरमा सोमबार सार्वजनिक गरिएको वार्षिक विश्व जनसंख्या सम्भावना प्रतिवेदनमा उल्लेख गरेको छ।

सन् २०२० मा एक प्रतिशतभन्दा कममा झरेर सन् १९५० यता विश्वको जनसंख्या सबैभन्दा सुस्त गतिमा बढिरहेको देखाएको थियो।

विश्व जनसंख्या ७ बाट ८ अर्ब पुग्न १२ वर्ष लागेको र यो ९ अर्ब वृद्धि करिब १५ वर्ष लाग्ने अर्थात सन् २०३७ सम्ममा पुग्ने अनुमान गरिएको छ। यो विश्व जनसंख्या वृद्धिको समग्र यो दर सुस्त संकेत पनि हो।

सन् २०२२ सम्ममा, दोस्रो धेरै जनसंख्या क्षेत्रका रूपमा एसिया रहेको छ। एसियाको पूर्वी र दक्षिण पूर्वी २.३ अर्ब, मध्य दक्षिण एसियामा २.१ अर्ब र चीन र भारतमा १.४ अर्बभन्दा बढी पुगेको बताइएको छ।

सन् २०५० सम्ममा विश्वव्यापी जनसंख्याको अनुमानित वृद्धिको आधाभन्दा बढी मात्र आठ देशमा केन्द्रित हुनेछ। ती देशमा कङ्गो, इजिप्ट, इथियोपिया, भारत, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स र तान्जानिया रहेका छन्। सन् २०२३ मा चीनलाई उछिनेर विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश भारत बन्ने संयुक्त राष्ट्रसंघले अनुमान गरेको छ।

## जापानी सम्राट नेपालप्रति खुसी

काठमाडौं । जापानी सम्राट नारुहितोले नेपाल र जापान दुई मित्र राष्ट्रबीचको विद्यमान सम्बन्धको उत्कृष्ट अवस्थाप्रति आफू खुसी रहेको बताउनु भएको छ । जापानका लागि नेपालका नवनियुक्त राजदूत डा. दुर्गाबहादुर सुवेदीद्वारा ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्ने क्रममा स्वागत गर्दै सो कुरा बताउनुभएको हो ।

ओहदाको प्रमाणपत्र ग्रहणपछि सम्राट नारुहितोले आगामी दिनमा दुई मुलुकबीचको मित्रता र सहकार्यको घनिष्ट र सौहार्दपूर्ण सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो । राजदूत डा. सुवेदीले इम्पेरियल प्यालेसमा आयोजित विशेष समारोहमा सम्राट नारुहितो समक्ष आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको हो ।

आफ्नो ओहोदाको पत्र पेश गर्दै राजदूत डा सुवेदीले राष्ट्रपति विद्यादेवी भण्डारी तथा प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट सम्राट नारुहितोको व्यक्तिगत सुस्वास्थ्य तथा जापानी जनताको शान्ति, प्रगति र समृद्धिका लागि शुभेच्छा प्रकट गर्नुभयो ।

## महानगर गैरकृषि क्षेत्रमा वर्गीकरण

काठमाडौं । काठमाडौं महानगरपालिकाको भूउपयोग परिषद्ले महानगरभित्र कृषियोग्य जमिन नरहेको निर्णय गरेको छ । बुधबार महानगर प्रमुख बालेन्द्र शाह (बालेन) को अध्यक्षता बसेको समितिले भू–उपयोग कार्यान्वयन समितिको सिफारिसका आधारमा यस्तो निर्णय गरेको हो ।

महानगरपालिका क्षेत्रको जमिन गैरकृषि क्षेत्रका रुपमा वर्गीकरण गरिएको महानगरप्रमुख शाहले बताए । भू–उपयोग ऐन २०७६ अनुसार सांस्कृतिक तथा पुरातात्विक महत्व क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक उपयोग क्षेत्र, नदी खोला, ताल, सिमसार क्षेत्र, व्यवसायिक र आवासीय क्षेत्र गरी जमिनलाई विभिन्न क्षेत्रमा वर्गीकरण गर्ने व्यवस्था छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Skeptic = शंकालु, खुला दिलले स्वीकार नगर्ने Almost all of the economists were skeptic about the new financial plan of the government झण्डै सबैजसो अर्थविद्‌हरूले सरकारको वित्त योजनालाई खुला दिलले स्वीकार गर्न सकेनन ।

Tutelage = संरक्षकत्व I am confident that in your tutelage my son can make progress तिम्रो संरक्षकत्वमा मेरो छोराले धेरै प्रगति गर्न सक्ने छ भन्ने कुरामा म विश्वस्त छु ।

Upbraid= वेस्सरी गाली गर्नु The teacher upbraided Mary for her coming late every day ढिला आएकोमा शिक्षकले मेरीलाई वेस्सरी गाली गऱ्यो ।

Volatile = उत्तेजक, तरल The politics has become volatile because of intra party feud in the ruling party सत्तारुढ दलमा भएको आपसी खिचातानीले राजनीतिलाई तरल बनाइदिएको छ ।

Wanderlust = भ्रमणमा चाख राख्ने, घुमन्ते He is never at home during vacation because he is a wanderlust विदामा ऊ कहिले पनि घरमा हुँदैन किनकी उ घुमन्ते हो ।

Amble = स्वाभाविक गतिमा अगाडि बढ्नु I know her pace of working so that I can not urge her to work faster than her regular amble मलाई उनी कति छिटो काम गर्न सक्छिन् भन्ने थाहा भएको हुँदा उनलाई स्वाभाविक गतिभन्दा चाँडो काम गर भनेर अनुरोध गर्न सक्तिन ।

Bullion = सुन वा चाँदीको बिस्कुट जस्तो आकारको सिक्का वा चक्का Those willing to buy property tend to buy bullions and store them सम्पत्ति जम्मा गर्न चाहनेहरू सुन वा चाँदीको ढिक्का किनेर ढुकुटीमा थन्काउने गर्दछन् ।

Compendium = सारांश तर सबै क्षेत्र ओगटेको This text serves as a compendium of vast materials developed in the field यस क्षेत्रमा प्राप्त सबै गहन सूचनाहरू यस लेखमा संक्षेपमा समाहित गरिएका छन् ।

Dilapidated = वेवास्ताको कारणले भत्किएको The renovation of this dilapidated building costs more than constructing a new one भग्नावशेष भएको यो भवन जिर्णोद्धार गर्नु नयाँ भवन बनाउनुभन्दा महँगो पर्न सक्छ ।

Erudite = विद्वान, विषयका ज्ञाता Most of his friends of the fields considers him erudite but he himself does not think so सबै जसो उसका साथीहरूले उसलाई विषयको ज्ञाता माने तापनि ऊ आफूलाई त्यस्तो सोच्दैन ।

## Call बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Call the tune = स्थितिलाई नियन्त्रण गर्न सक्ने अवस्थामा हुनु Being a good leader his speech calls easily the tune of the mass असल नेता भएको कारण उसको भाषणले भीडलाई सजिलै नियन्त्रणमा लिन सक्छ ।

Call a spade = सादा र सोझै भन्नु As he is honest and transparent in his dealing, he calls always a spade इमानदार र पारदर्शी भएको कारण ऊ जे कुरा पनि सोझै भन्दिन्छ ।

Call somebody to account for = स्पष्टीकरण माग्नु His boss called him to account for the failure of the project परियोजना असफल भएकोमा उसको हाकिमले उसँग स्पष्टीकरण माग्यो ।

Call something to order = सुरु भएको घोषणा गर्नु The speaker of the house called the session to order in time सभामुखले ठीक समयमा नै बैठक सुरु भएको घोषणा गरे ।

Call somebody to order = शान्त रहन अनुरोध गर्नु Before starting the meeting, chairperson called the member to order बैठक सुरु गर्नुअघि अध्यक्षले सबैलाई शान्त रहन अनुरोध गरे ।

Call somebody down = कसैलाइ नराम्ररी गाली गर्नु The teacher called him down for coming late ढिला आएकोमा शिक्षकले उसलाई नराम्ररी गाली गऱ्यो ।

Call for something = माग गर्नु The strike has called for a increment in the salary हडतालले तलव वृद्धि माग गरेको छ ।

Call something forth = भड्काउनु His speech always calls an angry response forth उसको भाषणले मान्छे भड्काउने काम मात्रै गर्छ ।

Call something in = फिर्ता गर्न आग्रह गर्नु The library management called in all overdue books पुस्तकालय व्यवस्थापनले सबैलाई लगेको किताव फिर्ता गर्न आग्रह गऱ्यो ।

Call somebody off = कसैलाई रोक्नु The commander called the soldiers off the firing कमाण्डरले सिपाहीलाई गोली हान्नबाट रोक्यो ।

### सुडोकु-अंक २८०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | ६ | | ९ | | | ४ |
| | ९ | ५ | | २ | | ६ | ८ | |
| | | | ५ | | ७ | | | |
| ९ | | १ | | | | ७ | | |
| | | | | ३ | | | | |
| ६ | | २ | | | | ३ | | ९ |
| | | | ७ | | १ | | | |
| | ५ | ७ | | ४ | | १ | ९ | |
| १ | | | २ | | ३ | | | ७ |

### अंक २७९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ३ | ७ | ९ | १ | ८ | २ | ५ | ६ |
| २ | ८ | ९ | ६ | ५ | ७ | ३ | १ | ४ |
| १ | ६ | ५ | ३ | ४ | २ | ८ | ७ | ९ |
| ७ | ५ | ८ | ४ | ९ | १ | ६ | २ | ३ |
| ९ | ४ | ३ | ७ | २ | ६ | ५ | ८ | १ |
| ६ | २ | १ | ८ | ३ | ५ | ९ | ४ | ७ |
| ३ | १ | २ | ५ | ६ | ४ | ७ | ९ | ८ |
| ५ | ७ | ६ | १ | ८ | ९ | ४ | ३ | २ |
| ८ | ९ | ४ | २ | ७ | ३ | १ | ६ | ५ |

## लागूऔषधरहित परिवार : स्वस्थ जीवनको आधार

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानुनतः दण्डनीय छ ।
- गैरकानुनी गतिविधिमा आफू पनि नलागौं । अरूलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरूत्साहित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ON THE ORIENTATION OF THE BUILDING OF OUR PARTY IN THE NEW ERA AND THE TASKS OF THE CENTRAL CADRES TRAINING SCHOOL OF THE WORKERS' PARTY OF KOREA-3

*Historic commemorativelecture given by Kim Jong Un,general secretary of the Workers' Party of Korea, October 17, 2022)*

The Party committee concerned should thoroughly maintain the system and order of controlling and guiding in a unified way all the organs and organizations in its region and unit, and ensure that all work is conducted properly through the collective leadership of the Party committee while giving full play to inner-Party democracy.

In particular, the work of the Party organizations should be turned into the one with people and be consistent with political activities, so as to overcome the tendency of Party work becoming administrative and practical and of Party officials taking over administrative affairs.

Another important requirement of political construction is to encourage all Party members to play their role as political activists with a high degree of political consciousness.

This is precisely the task which our Party must tackle with a focus in political construction.

It is self-evident that the party can fully discharge its mission and role as the political general staff only when every party member forming the Party has a good understanding and struggle as a voluntary vanguard and political activist, he said, explaining the issues for raising the political sensitivity and political and theoretical level of the party members and enhancing the political activities of the party members. He went on:

Another important requirement of political construction is to steadily develop the method of leadership on the revolution and construction.

The proper combination of leadership with the masses is always essential in the political guidance of the Party.

We should actively apply to the Party work and activities of today the powerful methods of leadership that have been created and whose vitality have been displayed to the full by our Party in the course of its long struggle of leading the revolution and construction, while enriching them in keeping with the times and the development of the revolution.

We should also make effective use of the method of creating and generalizing innovative and leaping new standards of development and models that can be representative of the times in each sector and the campaigns in which one overtakes and learns from others and swaps experiences with each other and other methods created in the new era, so as to enlighten, encourage and renew the whole of society.

It can be said that it is one of the leadership methods to steer the excellent climate of the Party and the good tendency and atmosphere



of the whole society through the noble relations of trust, respect, devotion and obligation between the Party and the masses in the glorious struggle of writing a new history of the Juche revolution.

The whole Party should actively encourage and cultivate such good traits as respecting and giving prominence to revolutionary forerunners, pioneers of the times and honest working people, loving children and caring for those in difficulties, so as to ensure that positive influence prevails throughout social life and that noble virtues and affections continue to develop into a national custom.

To steadily strengthen the party organizationally is an essential requirement for consolidating the organizational unity of the whole party centered on the Party Central Committee and ensuring the sound metabolism and fighting efficiency of the party.

It is an important task in organizational building of the party to transform the party ranks into elites and it is achieved as the substantial result of the work for increasing the party membership and managing its ranks.

The work with the masses is the work for consolidating the party's mass foundation and strengthening the single-minded unity and at the same time a vital issue related to the existence of the party.

Precedence should be naturally given to the party's ideological work before all other works in view of its essential requirement and only then is it possible to prevent the change and degeneration of the party and lead the revolutionary and enterprising development.

Only when strict discipline is established within the party, is it possible to thoroughly suppress all unorganized, undisciplined and negative elements in the whole party work and propel and guarantee the sound development of the party, he said, referring to the principled issues arising in putting spurs to the building of party discipline and establishing an accurate and powerful disciplinary system, including the strict establishment of the voluntary discipline-observing trait and the discipline-supervising system and discipline-applying system throughout the party.

The excellent style of work created by our Party while leading the arduous and complicated revolutionary struggle and the building of a new society constitutes a precious foundation for the building of the style of work in the new era.

The whole party should steadily and methodically conduct the work to make officials acquire the revolutionary and popular work styles created by President Kim Il Sung and Chairman Kim Jong Il and developed and enriched by our Party and apply them to real life, so that the communist work style peculiar to our Party is carried on.

The Party's attention should be paid to establishing among officials the habit of carrying out the tasks in a responsible way with revolutionary work attitude and manner.

The Party's fighting efficiency is precisely the ability of officials to develop, struggle and practice.

We should ensure that the whole Party is permeated with revolutionary and responsible work styles, including the trait of unconditionally accepting the Party's decisions and instructions and carrying them out in time by dint of self-reliance and fortitude, the trait of disallowing self-complacency and self-praise, encouraging self-reproach and reflection and always striving with painstaking efforts, and the trait of carrying out work in a far-sighted way and on a long-term basis, looking forward to the future.

At the same time, we should wage a ceaseless struggle to overcome all kinds of negative and varied ideological views and work style, including the non-revolutionary and non-militant attitude, irresponsibility, self-protection, formalism and expediency revealed in the practical struggle, so as to prevent the wrong style of work.

What should be particularly focused in the building of style of work is to ensure that the correct viewpoint and attitude towards the people are always prevailing in the Party.

For our Party, which intends to be genuine servants of the people, a correct viewpoint and attitude towards the people is a matter that cannot be conceded in any case or under any circumstances.

As I have said, our Party was born to defend the interests of the working masses and has been working to provide the people with a happy life since its foundation, and this is why the people call our Party their mother and follow it.

Our Party upholds the banner of Kimilsungism-Kimjongilism in order to preserve its character and fulfill its mission as a party serving the people.

To this end, all officials should make our Party's outlook and philosophy on the people the motto of their work and life and do their best to effectively develop the work for absolutely serving the people and enrich the Party's traditional method of work with the masses in keeping with the present situation.

An official to be trusted at any time and relied on by the masses without worry are, above all, conscientious and honest.

Only when a good style of work such as being unconventional, modest and setting an example is supported by conscience and honesty, can it win the recognition of the masses.

No matter how the times develop and the circumstances change, we can maintain the excellent work style of the Party and ensure its superiority if we have only upright and honest officials.

Therefore, in promoting the building of the Party's style of work, we should always give prominence to and encourage the high sense of simplicity, honesty and purity and take appropriate practical measures in all the processes of Party work so as to make it an essential and consolidated trait of officials.

In particular, we should not tolerate any practices of looking down on the people and infringing upon their rights and interests such as abuse of power, bureaucratism, irregularities and corruption and impositions outside the taxes contrary to the sound style of the Party, but eliminate them resolutely.

At the same time, it is necessary to further subdivide and actualize the rules of life of officials working at Party organs at all levels, in keeping with the new requirements of the building of style of work, and establish an order in which they strictly observe it.

If our Party is strengthened in the aspects of political, organizational and ideological construction and building of discipline and style of work as above, it will be possible to solve not only the immediate tasks for the party building but also the long-term problems on its own initiative and systematically, thus strengthening its leadership ability and fighting efficiency and fulfilling its duty as a revolutionary party responsible for the destiny and future of the people.

The basic duty of the Central Cadres Training School of the Workers' Party of Korea is to train all the students to be genuine revolutionaries and paramount elements of the Party who are guided only by the revolutionary ideology of the Party Central Committee and staunchly champion and implement it.

As already written on the monument bearing on the inscription of his autograph at the school, the President earnestly taught the students of Kim Il Sung Higher Party School that they should become competent officials of the Party and the state who are always working among the people, standing in the van of the people for the independence and sovereignty of the country and the freedom and happiness of the people.

The Central Cadres Training School should orient all its work to training new-type Party officials and servants of the people who are politically and ideologically sound and have completely changed their work style and personality in conformity with its basic tasks.

The Party officials desired by our Party are, above all, officials of real ability, equipped with high level of political and practical qualifications, who support the Party Central Committee with a pure conscience, and think and act in accordance with the ideas and intentions of the Party Central Committee under any circumstances, and who are fully armed themselves with the Party's ideas and theories and are well versed in the principles and methods of Party work and have acquired the leadership skills of moving the masses. They are officials who know how to find the worth and joy of life in embodying our Party's outlook on the people and people-centered philosophy and in devoting themselves to the people.

The Central Cadres Training School should be well aware of the requirements of the Party Central Committee for training cadres and further improve its education and training in Party spirit so that a person who had shortcomings in work and life before can be born and brought up in a new way in the political, ideological, practical and mental and moral aspects once he has undergone the school's educational process.

Another duty of the Central Cadres Training School of the WPK is to study, explain and propagate our Party's ideas and theories.

The Central Cadres Training School is the basic base and the think tank of the ideological and theoretical building of our Party.

The Central Cadres Training School should study in depth in principle our Party's revolutionary ideology and prove and explain the validity, scientific accuracy and vitality of the newly advanced lines, policies and fighting policies, so as to enrich the treasure house of our Party's ideology and theory.

What is most important is to improve the educational contents in conformity with the mission and characteristics of the Party cadre training institution, he said, adding that it is important to make the teaching contents run through the Party's policies, to give effective education in the history of the Party, to raise the students' high political consciousness and political sensitivity, essential qualifications of Party officials, to give students proper Party work business, to select the educational contents in conformity with the characteristics of school educational system and to raise the level of specialization in the teaching activities.

It is important to correctly define the school system and the criteria for selecting students as required by the mission and duty of the school and the times and intensify and correctly implement the educational programme so that it can successfully conduct theoretical and practical education with the main emphasis on tempering the Party spirit, he said, indicating the orientation and ways for improving the educational administration and management.

**End**

## मुलुक...

रेसम चौधरीको नागरिक उन्मुक्ति पार्टीको उदय भएको छ। यसले थरुहट आन्दोलनलाई अनुमोदन गरेको मान्न सकिन्छ। रेशम चौधरी जेलमा छन् र पनि उनकी श्रीमती र बाउले समेत चुनाव जितेका छन्। सत्ताधारी गठबन्धन र एमाले राप्रपा चुनावी तालमेलका बाबजुद उन्मुक्ति पार्टीले पश्चिम तराईमा आफ्नो सानदार उपस्थिति देखाएको छ। जनमत र उन्मुक्ति पार्टी नयाँ पार्टीका रुपमा संसदमा प्रवेश गर्दैछन्। स्वतन्त्र, जनमत, उन्मुक्ति पार्टी र राप्रपाको उपस्थितिले संसदको समीकरण नै बदलिँदैछ। २७५ सदस्यीय प्रतिनिधिसभामा सरकार बनाउन बहुमतका लागि १३८ सांसद आवश्यक पर्छन्। तर प्रत्यक्षतर्फको जित र अग्रता तथा समानुपातिकतर्फ पाएको मत प्रतिशत हेर्दा सत्ता र विपक्षी दुवै गठबन्धनलाई बहुमत प्राप्त गर्न कठिन देखिँदैछ। संसदमा नयाँ शक्तिका रुपमा उदाएका राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत र राप्रपा निर्णायक बन्न सक्ने सम्भावना बलशाली बनेको छ। हालसम्मको परिणामअनुसार कांग्रेसले प्रत्यक्षमा ५८ आसपास, माओवादीले १८, एकीकृत समाजवादीले १०, लोसपाले तीन, जनमोर्चाले १ र स्वतन्त्रबाट ३ जनाले जित्ने सम्भावना छ। यसबाट सत्ता गठबन्धनले ९३ क्षेत्रमा जित्ने देखिन्छ।

कांग्रेसबाट निर्वाचित टेकबहादुर गुरुङको मुद्दा अदालतमा विचाराधीन भएकाले उनी तत्काल संसद छिर्न पाउँदैनन्। यो संख्या गठबन्धनलाई सरकार बनाउन ४५ सिटले कम हुन्छ। समानुपातिकमा कांग्रेसले ३१ र माओवादीले १४ सिट ल्याए मात्र बल्ल १३८ सांसद पुग्छन् र गठबन्धनको सरकार बन्छ। यदि एकीकृत समाजवादी र लोसपाले ३ प्रतिशत थ्रेस होल्ड नकटाए पनि सत्ता गठबन्धनको बहुमत पुग्छ। तर समानुपातिकमा गठबन्धनको मत न्यून देखिएको छ।

अग्रता कायम गरेको स्थानमा एमालेले जित निकाल्यो भने ४३ आसपास सांसदहरू प्रत्यक्षबाट आउँछन्। राप्रपा र जसपाले करिब १० क्षेत्र जित्ने देखिन्छ। प्रारम्भिक मतपरिणाम अनुसार एमाले नेतृत्वको गठबन्धनले करिब ५३ क्षेत्र जित्ने सम्भावना छ। सरकार बनाउन अथवा बहुमत बनाउन यो गठबन्धनले समानुपातिकमा कम्तीमा ८५ सिट जित्नुपर्छ। एमालेले ३५, राप्रपा १५ र जसपाले १० सिट जिते पनि ६० सिट मात्रै पुग्छ। समानुपातिकमा एमालेले २९ सिट हासिल गर्ने स्थिति देखिँदैछ। अहिलेकै औसतमा मत आए राप्रपाले समानुपातिकमा ८ सिट र जसपाले ४ सिट पाउन सक्छन्।

हालसम्मको परिणाम हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टी संसदको चौथो दल बन्ने देखिएको छ। प्रत्यक्षमा ५ स्थानमा जितिसकेको छ र अन्य ४ स्थानमा अग्रता कायम गरेको छ। समानुपातिकमा यो दल तेस्रो स्थानमा छ। समानुपातिकमा अहिलेकै अनुपातमा मत पाए उसले १५ सिट पाउन सक्छ। नागरिक उन्मुक्तिले समर्थन गरेको स्वतन्त्रसहित ३ सिट ल्याउने देखिन्छ। जनमत पार्टीले २ सिट र नेमकिपाले एक सिट सुरक्षित गरेका छन्।

ठूलो दल कांग्रेस बन्ने भएकाले सरकारको नेतृत्वको ऊ स्वतः हकदार हुनेछ। तर उसले साना दलहरूको समेत साथ लिनुपर्नेछ। यदि कांग्रेस र एमालेको सरकार बन्ने हो भने मात्र पाँच वर्ष टिक्न सक्छ। नत्र फेरि सरकार बनाउने र गिराउने पुरानै खेल दोहोरिने निश्चित छ। देश फेरि पनि आमनिर्वाचनको भुमरीमा फस्दैछ।

## सीम...

आएको र सीमा क्षेत्रमा नेपालीमाथि हुने लुटपाटको विषयमा कुरा उठाएका थिए। नेपालले उठाएका विषयमा महानिर्देशक थाउसेनले तत्काल सरोकारवाला युनिटलाई जानकारी गराउने बताएका थिए।

### सीमा व्यवस्थापन बैठक

नेपालको सीमा व्यवस्थापन तथा सुरक्षा सम्बन्धमा भारतले यति मात्र होइन, अन्य आरोप पनि लगाउने गरेको छ। नेपाल-भारत सीमा व्यवस्थापनको १२औं संयुक्त बैठक दिल्लीमा सम्पन्न भएको थियो। बैठकमा नेपाली टोलीको नेतृत्व गृहसहसचिव फणीन्द्रमणि पोखरेल र भारततर्फको टोलीको नेतृत्व गृह मन्त्रालयअन्तर्गत सीमा व्यवस्थापन विभागका प्रमुख सहसचिव आशिष कुमारले गरेका थिए।

नेपाल-भारत सीमा नियमन गर्न कुनै तामझाम गरिरहनुपर्दैन। दुवै देशबीचको मूल नाकाको दशगजा क्षेत्रमा प्रिफ्याबका कोरिडोर कोठा बनाई त्यसमा सिसी क्यामेरा जडानका साथै आवश्यकताअनुसार तीनदेखि पाँच डेस्क स्थापना गरी काम सुरु गरिनुपर्छ।

वार्तामा नेपालको तराईमा रहेका मदरसाबाट धार्मिक गतिविधिका नाममा भारतविरोधी आतंकवादी गतिविधि हुने गरेको आरोप भारतीय पक्षले लगाएको थियो। नेपालको तराईस्थित मदरसामा पाकिस्तानी र अफगानी आतंकवादीको घुसपैठ भएको भन्दै आपत्ति जनाएको थियो। भारतले यसअघि पनि सन् २०१८ देखि २०२१ का बीचमा नेपाली मदरसामा पाकिस्तानी खुफिया संस्था आइएसआई तथा साउदी अरेबियाले लगानी गरिरहेको र ती मदरसामार्फत भारतविरोधी गतिविधि भइरहेको आरोप लगाएको थियो।

नेपाली पक्षले 'नेपालमा रहेका सबै मदरसा विद्यालयका रूपमा दर्ता भएका छन् र नियमित अनुगमन गरिरहेका छौं। छिमेकी मित्रराष्ट्रविरुद्ध नेपाली भूमिबाट कुनै पनि गतिविधि हुन दिँदैनौं, आतंकवादीको कुनै देश र धर्म नहुने भए तापनि यस्ता गतिविधि रोक्न नेपाल सरकार सक्षम रहेको' बताएको थियो। नेपाली टोलीले यस बैठकमा खासगरी सीमा सुरक्षा, सीमा व्यवस्थापन, सीमापार अपराध नियन्त्रण एवं सीमाबाट हुने घुसपैठलाई केन्द्रित गरेर छलफल हुनुपर्छ भन्ने जिकिर गरेकोमा सीमा क्षेत्रमा नेपालीलाई गरिने दुर्व्यवहार रोक्न र दुई देशलाई आघात पर्ने गरी कुनै पनि कार्य नगर्ने विषयमा भारतीय पक्ष सहमत भएको थियो। यसबाहेक भारतबाट अवैध हतियार भित्रिँदा नेपालमा शान्ति सुरक्षामा असर परेको, सीमावर्ती क्षेत्रमा भारतले बनाएको तटबन्धनका कारण नेपाली भूमि डुबानमा परेको, दशगजा क्षेत्रमा भारतीयले घरटहरा निर्माण गर्दा नेपालीलाई असर परेको, भारतीय जवानले तुइन काटिदिँदा नेपालीको मृत्यु भएको, सीमावर्ती १५ जिल्लाका ६६८ स्थानमा भारतीय नागरिकले नेपाली भूमिमाथि भोगचलन गर्दै आएको विषयमा छलफलका लागि नेपाली पक्षले प्रस्ताव गरे तापनि भारतीय पक्षले यी विषयमा छलफल गर्न नचाहेर आफ्ना अन्य कुरा राख्दै बैठक टुंग्याइएको थियो।

### सीमा नियमन

प्रश्न उठ्न सक्छ- यहाँ किन यत्रो नालीबेली जोडिएको हो ? यसको प्रतिप्रश्न पनि आउन सक्छ- यी नालीबेलीमा उल्लिखित समस्याको समाधान के हो ? यी प्रश्न र प्रतिप्रश्नको एकमुस्ट जवाफ हुन सक्छ- नेपाल र भारतबीचको खुला सीमालाई (रेगुलेटेड) नियमन गर्दै लैजानु नै हो। खुला सीमालाई चरणबद्ध तरिकाले क्रमशः नियमन गर्दै लगियो भने भारतले नेपाललाई आरोप लगाउनुपर्ने आवश्यकता नै पर्दैन। नेपालले पनि आक्षेप खेपिरहनुपर्ने र आरोप सहन गरिरहनुपर्ने वातावरण नै सिर्जना हुँदैन। भारतले पनि नेपालको सुरक्षा गतिविधिमा चासो राखिरहनु नपरी आफ्नो ध्यान अन्य विकास निर्माण योजनामा केन्द्रित गर्न सक्छ। यस परिप्रेक्ष्यमा खुला सीमालाई नियमन गरौं भन्ने प्रस्ताव बैठकमा किन गरिएन ? विडम्बना यही छ। नेपाल-भारत खुला सीमाबाट दुवै देशलाई अनेक झमेला आइरहेको छ। यस्ता समस्याको समाधान के हो त ? सीमालाई छाडा छाड्नुको बदला नियमन गर्नु नै समाधानको उपाय हो।

गृहमन्त्री बालकृष्ण खाँणले ५ कात्तिकमा भैरहवामा आयोजित एक कार्यक्रममा नेपालको भूमि दुई छिमेकी मुलुकविरुद्ध प्रयोग हुन सक्ने गतिविधि नियन्त्रण गर्न सरकार बढी नै चनाखो र गम्भीर भएर लाग्ने धारणा राख्दै रुपन्देहीको बेलहिया सीमा-नाकाबाट सीमा व्यवस्थित गर्ने काम सुरु गर्ने जानकारी दिए। तर, उनले कसरी व्यवस्थित तथा नियमन गर्ने भन्नेबारे भने केही बताएनन्।

सीमा नियमन गर्न कुनै तामझाम गरिरहनुपर्दैन। नेपाल-भारतबीच अहिले २४ मूल भन्सार/अध्यागमन र १३५ छोटी भन्सार नाका रहेका छन्। पहिलो चरणमा ती नाकामध्ये २४ मूल नाकाको दशगजा क्षेत्रमा प्रिफ्याबका कोरिडोर कोठा बनाई त्यसमा सिसिटिभी जडान गर्नुपर्छ। त्यस्ता प्रत्येक कोरिडोरमा आवश्यकताअनुसार तीनदेखि पाँच डेस्क स्थापना गरिनुपर्छ। त्यस्ता डेस्क/टेबलमाथि केही अग्लो स्टान्ड बनाई रडसहितको डिजिटल अथवा मोबाइल क्यामेरा जडिनुपर्छ। सवारीसाधनमा आएका यात्रुलाई समेत पैदलै सीमा वारपार गर्न लाइन लगाएर क्यामेराको ठिक मुनितिर चिह्न कोरिएको निर्धारित स्थानमा आफ्नो परिचयपत्र/नागरिकता प्रमाणपत्र राख्न लगाई क्यामेराले क्लिक गर्नेबित्तिकै परिचयपत्र उठाएर आधा मिनेटभित्रै यात्रु कोरिडोरबाट बाहिरिने व्यवस्था गरिनुपर्छ। यस्तो गतिविधिलाई कोरिडोरभित्रको कम्प्युटरबाट मनिटर गरिनुपर्छ।

कोरिडोरनजिकै एउटा सानो कोठामा केही सुरक्षाकर्मी रहनुपर्छ। शंकास्पद र सन्दिग्ध यात्रुजस्तो लागेमा त्यस कोठामा बोलाई सोधपुछ र केरकार गर्नुपर्छ। अपराधी या अवाञ्छित ठहरिए उसलाई कार्बाही गर्नुपर्छ। दोषी नठहरिए तुरुन्त सीमापार गर्न दिनुपर्छ। यसका साथै पाँच किलोमिटर क्षेत्रभित्रका दुवैतर्फका बासिन्दालाई दिनको पाँचौँपटकसम्म पनि आवागमन गर्न पाउने विशेष डिजिटल परिचयपत्र प्रदान गरिनुपर्छ।

बेल्ही-सुनौलीजस्ता भिडभाड हुने नाकामा पाँच डेस्क राखियो भने एक घन्टामा तीन सयजना अर्थात् १० घन्टामा तीन हजार यात्रु आवागमन गर्न सक्छन्। रात परेपछि आवागमन नहुने समयमा क्यामेराले खिचेको संख्या गन्ती गरी डिजिटल रूपमा तथ्यांक स्थापना गरिनुपर्छ। यसबाट नेपालबाट भारत अनि भारतबाट नेपालतर्फ दैनिक कति संख्यामा यात्रुहरू ओहोर-दोहोर गर्दा रहेछन् भन्ने तथ्यांक स्थापना हुन्छ। यसबाट एकीकृत सीमा व्यवस्थापन र दुवै देशको सुरक्षा चासोबारे योजना तयार पार्न मद्दत पुग्न जान्छ।

### निचोड

सीमा नियमन व्यवस्था गरिएमा भारतीय एसएसबीका महानिर्देशक थाउसेनले इंगित गर्न खोजेको अवाञ्छित व्यक्ति सीमानाकामै पक्राउ पर्न सक्छन्। उदहारणार्थ, नेपालको बेल्ही नाकाबाट त्यस्ता व्यक्ति उम्किएमा भारतको सुनौली नाकामा पक्राउ पर्न सक्छन्। त्यसकारण भारतले पनि यस्ता कार्यमा चासो राख्नुपर्छ। नेपाललाई मात्र आरोप लगाउनु मिथ्यापूर्ण हुन्छ।

## ठूला...

२२९ मत ल्याउँदा नेकपा एमालेका मणिराम फुयाल ११ हजार ५५५ मत ल्याएर दोस्रो भए। राप्रपाकी पोखरेल तेस्रो र गठबन्धनकी उम्मेदवार घर्ती चौथो भएका छन्। पोखरेलले ११ हजार १४ र घर्तीले ९ हजार ४४९ मत पाएकी छन्।

काठमाडौं-२ मा एमालेले जस्तै कांग्रेसले बलियो पकड बनाएको क्षेत्र हो, काठमाडौं-६। तर, यसपटक यहाँबाट दुई पटक निर्वाचित भइसकेका नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री भीमसेनदास प्रधान फराकिलो अन्तरले पराजित भएका छन्। यहाँबाट स्वतन्त्र पार्टीका शिशिर खनाल निर्वाचित भएका छन्।

खनालले १४ हजार २०४ मत ल्याएर जिते भने नेकपा एमालेबाट उम्मेदवार बनेका पूर्वआईजीपी सर्वेन्द्र खनालले ८ हजार ९११ मत ल्याए। कांग्रेसका प्रधानले भने ८ हजार ८०५ मत पाए।

चुनावअघि काठमाडौं-७ मा माओवादी केन्द्रकी उम्मेदवार मानुषी यमि भट्टराईको चर्चा थियो। तर, चुनाव भने स्वतन्त्र पार्टीका गणेश पराजुलीले जितेका छन्। नेपाली कांग्रेस नेतृत्वको गठबन्धन उम्मेदवार मानुषी भने तेस्रो भइन्। पराजुलीले ८ हजार ७४३ मत ल्याएर चुनाव जित्दा नेकपा एमालेका श्यामकुमार घिमिरेले ६ हजार ८ सय मत पाएका छन्। मानुषीले ६ हजार ६३ मत पाएकी छिन्। यहाँबाट ०७४ मा नेकपा एमालेका रामवीर मानन्धर निर्वाचित भएका थिए। यसपटक एमालेमा टिकट नपाएका रामवीरले स्वतन्त्र उम्मेदवारी दिएका थिए। उनले ७५३ मत ल्याए।

त्यस्तै, काठमाडौं-८ मा पनि बहालवाला मन्त्री जीवनराम श्रेष्ठलाई पराजित गर्दै स्वतन्त्र पार्टीका विराजभक्त श्रेष्ठ निर्वाचित भएका छन्। ०७४ मा एमालेबाट चुनाव जितेका जीवनराम यसपटक कांग्रेस नेतृत्वको गठबन्धनमा नेकपा एकीकृत समाजवादीबाट उम्मेदवार थिए। तर, स्वतन्त्रका विराजभक्तले फराकिलो मतान्तरसहित चुनाव जितेका छन्। उनले १० हजार १०५ मत ल्याउँदा हाम्रो नेपाली पार्टीका सुमन सायमीले ५ हजार ८८९ मत ल्याएका छन्। जीवनरामले भने ४ हजार ८७७ मतमात्रै ल्याएका छन्।

उता ललितपुर-३ मा पनि बहालवाला मन्त्री पम्फा भुसाल पराजित भएकी छिन्। यहाँ पनि स्वतन्त्र पार्टीकै तोसिमा कार्कीले जितेकी छिन्। कार्कीले ३१ हजार १३६ मत ल्याउँदा नेकपा एमालेका अमृत खड्काले १२ हजार ९६३ मत ल्याएका छन्। सत्ता गठबन्धनमा नेकपा माओवादी केन्द्रका उम्मेदवार रहेकी मन्त्री भुसालले ८ हजार ७६९ मत मात्रै पाइन्।

काठमाडौंका दस क्षेत्रमध्ये ०७४ मा एमालेले क्षेत्र नं २, ३, ५, ७, ८ र ९ गरी छ क्षेत्रमा जितेको थियो। यसपटक एमालेले क्षेत्र नं. ९ मात्रै जितेको छ। यो क्षेत्रमा एमालेका कृष्णगोपाल श्रेष्ठ दोहोरिएका छन्। त्यस्तै, कांग्रेसले पहिले क्षेत्र नं. १, ४, ६ र १० गरी चार क्षेत्र जितेको थियो। यसपटक कांग्रेसले पाँच क्षेत्र जितेको छ।

कांग्रेसबाट क्षेत्र नं. १ मा प्रकाशमान सिंह, ३ मा सन्तोष चालिसे, ४ मा गगन थापा, ५ मा प्रदीप पौडेल र १० मा राजेन्द्रकुमार केसी निर्वाचित भएका छन्। यीमध्ये सिंह, थापा र केसीले आफ्नो क्षेत्रमा जितको ह्याट्रिक पूरा गरेका छन्। चालिसे र पौडेल पनि संसदीय यात्राको पहिलो प्रयासमै संसद्मा प्रवेश पाएका छन्।

## उपत्यकामा...

एकपटक प्रत्यक्ष गरी तीनपटक संघीय सांसद भइसकेकी छन्। यसपटक भने उनको सांसद बन्ने बाटो अवरुद्ध हुन पुगेको छ। काठमाडौं क्षेत्र ३ मा माओवादी केन्द्रबाटै उम्मेदवारी दिएका बद्रीप्रसाद बजगाईं तेस्रो भए। उनले यस क्षेत्रमा १ हजार मत पनि कटाउन सकेनन्। यहाँबाट सांसदमा निर्वाचित नेपाली कांग्रेसका सन्तोष चालिसेले १५ हजार १ सय ५८ मत ल्याउ''दा बजगाईंले ५ सय १८ मत मात्रै पाए।

यता, काठमाडौं-७ बाट माओवादी केन्द्रबाट उठेकी मानुषी यमी भट्टराई पनि तेस्रो भइन्। उनले ६ हजार ६३ मत ल्याएकी छन्। यो क्षेत्रबाट रास्वपाका गणेश पराजुलीले ८ हजार ७ सय ४३ मत ल्याएर विजय हासिल गरे। त्यस्तै, माओवादी केन्द्रबाट काठमाडौं-९ मा उठेकी कल्पना धमला पनि भारी मतान्तरले पराजित भइन्। धमला नेकपा एमालेबाट उम्मेदवार बनेर सांसद चुनिएका कृष्णगोपाल क्षेष्ठसँग झन्डै दोब्बर मतान्तरले पराजित भएकी छन्। उनले ६ हजार ४ सय २ मत ल्याउदा श्रेष्ठले ११ हजार ९ सय ५६ मत ल्याएर विजय हासिल गरे।

काठमाडौं-१० मा पनि माओवादी कमजोर साबित भएको छ। माओवादीकी उम्मेदवार अञ्जना विशंखे चौथो भइन्। उनले ५ हजार २ सय ६२ मत ल्याउँदा नवनिर्वाचित सांसद नेपाली कांग्रेसका राजेन्द्रकुमार केसीले १४ हजार ४ सय ५८ मत ल्याएका छन्।

भक्तपुर-१ को अन्तिम परिणाम आइसकेको छैन। तर, माओवादीका उम्मेदवार सुनिल गोठे पराजित हुने निश्चित देखिन्छ। गोठे २ हजार ९ सय ६८ मतसहित चौथो स्थानमा छन्। यहाँ नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल १५ हजार ६ सय ५२ मतसहित पहिलो स्थानमा छन्। ललितपुर-३ मा पम्फा भुसालले 'पक्का' जित्ने अनुमान माओवादीको थियो। तर, यो निर्वाचनमा भुसाल हार्ने निश्चित छ। उनले यसअघिका दुई निर्वाचनमा विजयी प्राप्त गरिसकेकी थिइन्। उनी ५ हजार ९ सय ३९ मतसहित तेस्रो स्थानमा छिन्। राष्ट्रिय स्वतन्त्र पार्टीकी डा. तोसिमा कार्की उनीभन्दा तेब्बर मतले अगाडि छिन्। कार्की १५ हजार ८ सय ५१ मतसहित अग्रस्थानमा छिन्।

## मधेसमा...

पार्टीका सतिश कुमार सिंह १६ हजार ७ सय ३४ मतसाथ विजयी भएका छन्। उनले जसपाका उम्मेदवार शैलेन्द्रप्रसाद साहलाई पराजित गरेका हुन्।

मधेस प्रदेश अर्थमन्त्रीसमेत रहेका साहले कुल ८ हजार २ सय ९२ र तेस्रोमा लोसपाका सरोज कुमार मण्डलले ६ हजार १ सय ३२ मत पाएका छन्। त्यस्तै, प्रदेशसभातर्फ क्षेत्र २ मा पनि जनमतकै महेशप्रसाद यादव विजयी भए। उनले १३ हजार ३ सय २५ मतसाथ विजय हासिल गरेका हुन् भने माओवादी केन्द्रका उमेश कुमार यादवले ७ हजार २३ मत पाए।

जसपाका उम्मेदवार लक्ष्मण यादव भने ५ हजार ६ सय २३ मतसहित तेस्रो भएका छन्। सप्तरी २ प्रतिनिधिसभातर्फको मतगणनामा पनि जनमतकै डा. सीके राउतले फराकिलो अग्रता बनाएका छन्। जसपा अध्यक्षसमेत रहेका उपेन्द्रभन्दा झण्डै दोब्बर मतसहित राउत अगाडि छन्। २० हजार ७ सय ८५ मतसहित राउत अगाडी र यादव १० हजार ७ सय ८ मतसहित दोस्रो स्थानमा रहेका छन्। पाँच दलीय गठबन्धनका तर्फबाट उम्मेदवार रहेका लोसपाका जयप्रकाश ठाकुर ४ हजार ३ सय २६ मतसहित तेस्रो स्थानमा छन्। मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ र प्रदेशसभाका ६४ सिट रहेको छ। २०७४ को निर्वाचनमा संघ र प्रदेश दुवैमा बहुमत ल्याएका ठाकुर र यादव नेतृत्वका दल कमजोर देखिएका छन्। २०७४ को निर्वाचनमा दुवै दल गठबन्धन गरी निर्वाचनमा सहभागि भएका थिए। निर्वाचनको केही समयपश्चात् एकीकरण भए पनि फेरी विभाजन भएको थियो।

अहिले जसपाले एमालेसँग चुनावी गठबन्धन गरेको थियो भने लोसपाले सत्तारूढ पाँच दलीय गठबन्धनसँग चुनावी तालमेल गरेको थियो। उनीहरूको मत विभाजन हुनु, मधेसका जनताका माग सम्बोधन गराउन नसक्नु, सधैं 'बार्गेनिङ' गर्दै सत्तामै रमाउनु, पार्टी विभाजन गर्नुलगायत कारण उनीहरूको मत घटेको विश्लेषण भइरहेको छ।

लोसपा र जसपाका पार्टी अध्यक्षसहित शीर्षनेता प्रारम्भिक मतगणनामा फराकिलो मतले पछि देखिएका छन्। कतै जनमत त कतै एमाले, कांग्रेस त कतै माओवादी भने कतै स्वतन्त्र उम्मेदवार अगाडि छन्। महोतरी ३ मा लोसपा अध्यक्ष १ हजार ९ सय ३२ मत ल्याउँदै गर्दा स्वतन्त्र उम्मेदवार राम आधार कापर ३ हजार ३ सय ७६ मतसहित पहिलो स्थानमा छन्।

## ११ अर्ब..

विगतका वर्षदेखि नै हुँदै आएको हो। गत आर्थिक वर्ष २०७८/७९ मा विदेशी पर्यटकले नेपालमा ३२ अर्ब ४४ कराड ७२ लाख खर्च गरे भने नेपाली विदेश भ्रमणमा जाँदा गत आवमा ९७ अर्ब ३२ करोड २९ लाख लगेका थिए। आर्थिक वर्ष २०७७-७८ मा भने विदेशीले नेपालमा ७ अर्ब २६ करोड ६३ लाख खर्च गरे अनि नेपालीले विदेश जाँदा ३२ अर्ब ८० करोड सकाए।

यसैगरी, सरकारी तवरबाट विदेशी आउँदा साउनदेखि भाद्रसम्ममा २ अर्ब ८२ करोड ९२ लाख खर्चेको देखिन्छ। नेपाली सरकारी तवरबाट विदेश जाँदा तीन महिनामा ५७ करोड ६२ लाख खर्च भइसकेको छ।

नेपाल राष्ट्र बैंकले वस्तु आयात-निर्यातबाहेक अन्य तवरबाट विदेशी मुद्रा आउने र बाहिरिनेलाई 'सेवा खाता'का रूपमा राख्ने गर्छ। गत तीन महिनामा यस्तो सेवा आय २१ अर्ब ७० करोडले घाटामा छ।

अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय २३ अर्ब ३४ करोडले घाटामा थियो। गत आर्थिक वर्ष २०७८/७९ को एक वर्षमा यस्तो घाटा १ खर्ब ८ अर्ब ११ करोड ७५ लाख थियो। त्योभन्दा अघिल्लो वर्ष यस्तो घाटा ७२ अर्ब ८५ करोड २५ लाख थियो।

नेपाल राष्ट्र बैंकका अनुसार शिक्षातर्फ व्यय १७ अर्ब ८९ करोड छ। अघिल्लो वर्षको सोही अवधिमा शिक्षातर्फको व्यय ८ अर्ब ९२ करोड थियो।

विदेशमा पढ्न जानेले तीन महिनामा लगेको खर्च १ सय प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०७८/७९ मा एक वर्षमा विदेशमा पढ्न जानेले ३८ अर्ब ८९ करोड ३३ लाख लगेका थिए भने सोभन्दा अघिल्लो वर्ष ३४ अर्ब ४७ करोड ५२ लाख नेपाली विद्यार्थीले विदेशमा पढ्न अध्ययन खर्च लगेका थिए।

## बढ्यो...

देखाएको छ। यद्यपि, बेरुजुको दर भने घटेको छ। गत आवमा भएको बेरुजु रकम आर्थिक वर्ष ०७७/७८ को तुलनामा एक अर्ब ८५ करोड रुपैयाँले बढी हो। बेरुजुको दर भने ०.०४ प्रतिशत बिन्दुले कमी हो। आर्थिक वर्ष ०७७/७८ मा सरकारले गरेको कुल खर्च ११ खर्ब ९६ अर्ब ६० करोडको २.११ प्रतिशत अर्थात् २५ अर्ब २६ करोड रुपैयाँ बेरुजु देखिएको हो।

सरकारी कार्यालयमा वित्तीय अनुशासनको कमी, सार्वजनिक खरिद व्यवस्थापन प्रभावकारी तथा जवाफदेहिता नहुँदा बेरुजु रकम बढ्दै गएको देखिन्छ। सरकारले बेरुजु रकम तथा बेरुजुको दर घटाउने लक्ष्य लिएको भए पनि त्यसअनुसार परिणाम देखिनसकेको छैन। कार्यालयले समीक्षा वर्षमा सरकारका कुल चार हजार सात सय ९६ कार्यालयको आन्तरिक लेखापरीक्षण गरेको हो। जसमा संघीय कार्यालयका साथै अन्तरसरकारी अख्तियारी पाएका प्रदेश सरकारका ११ र ६ सय ८८ स्थानीय तह रहेका छन्।

कार्यालयले गत २८ कात्तिकमै प्रारम्भिक चरणको प्रतिवेदन अर्थमन्त्री जनार्दन शर्मालाई हस्तान्तरण गरिसकेको छ। सोही दिन आयोजित कार्यक्रमबीच महालेखा नियन्त्रक हरिप्रसाद मैनालीले अर्थसचिव कृष्णहरि पुष्करमार्फत भर्चुअल माध्यमबाट अर्थमन्त्री शर्मालाई प्रतिवेदन हस्तान्तरण गरेका थिए। यद्यपि, चुनावका कारण अर्थमन्त्री काठमाडौं बाहिर भएकाले बुधबारसम्म उक्त प्रतिवेदन सार्वजनिक भने गरिएको छैन।

महालेखा नियन्त्रक कार्यालयका अनुसार आव ०७८/७९ को कुल बेरुजुमध्ये नियमित गर्नुपर्ने रकम नौ अर्ब ४० करोड, असुलउपर गर्नुपर्ने एक अर्ब १२ करोड र म्याद नाघेको पेस्की रकम १७ अर्ब ९६ करोड रुपैयाँ रहेको छ। आन्तरिक लेखापरीक्षणले बेरुजु रकम दोब्बरभन्दा बढीले बढेको देखाएको छ।

आव ०७७/७८ को तुलनामा आव ०७८/७९ मा असुलउपर गर्नुपर्ने बेरुजु दोब्बरले बढेको छ। त्यस्तै, नियमित गर्नुपर्ने रकम पनि करिब ३५ प्रतिशतले बढेको देखिन्छ। म्याद नाघेको पेस्की रकममा भने ठूलो परिवर्तन आएको देखिँदैन। महालेखाका अनुसार आव ०७७/७८ को कुल बेरुजुमध्ये नियमित गर्नुपर्ने रकम ६ अर्ब ९५ करोड, असुलउपर गर्नुपर्ने ५९ करोड र म्याद नाघेको पेस्की रकम १७ अर्ब ७१ करोड रुपैयाँ रहेको थियो।

सरकारले आव ०७८/७९ मा कुल ११ खर्ब ८० अर्ब ६० करोड राजस्व संकलनको लक्ष्य लिएको थियो। तर, लक्ष्यभन्दा कम अर्थात् ११ खर्ब १३ अर्ब ८४ करोड मात्रै राजस्व संकलन भयो। संकलित राजस्वमा १३ करोड २१ लाख रुपैयाँ बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ। राजस्व कारोबारको सम्पूर्ण रकमको आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले जनाएको छ। आन्तरिक लेखापरीक्षण गैरकर राजस्वमा मात्रै बढी केन्द्रित हुन पुगेको प्रतिवेदनमा उल्लेख छ।

## व्यापारघाटा...

गत वर्षको कात्तिक मसान्तसम्म ७ खर्ब ३२ अर्ब २४ करोड रुपैयाँ बराबरको कुल वैदेशिक व्यापार रहेकोमा यस वर्ष १९.७९ प्रतिशतले घटेर ५ खर्ब ८७ अर्ब ४६ करोड रुपैयाँमा सिमित भएको छ। यो अवधिमा आयात र निर्यात व्यापार दुवै घटेको छ। नेपाल राष्ट्र बैंकले वस्तु आयातमा गरेको कडाइसँगै तरलता अभावले ऋण उपलब्ध हुन छाडेपछि आयात घटेको हो। उच्च आयातले विदेशी मुद्राको सञ्चिति घटेर अर्थतन्त्र समस्यामा पर्न थालेपछि राष्ट्र बैंकले विभिन्न वस्तुको आयातका लागि कडाई गरेको थियो।

सोही कारण १८ दशमलव शुन्य ८ प्रतिशतले आयात घटेको आकलन गरिएको छ। यो अवधिमा ५ खर्ब ३२ अर्ब ६९ करोड रुपैयाको आयात व्यापार भएको छ। अघिल्लो बर्षको सोही अवधिमा ६ खर्ब ५० अर्ब २९ करोड रुपैयाको आयात व्यापार भएको थियो।चार महिनाको अवधिमा निर्यात व्यापार ३३ दशमलव ३० प्रतिशतले घटेर ५४ अर्ब ७७ करोड ४३ लाख रुपैयाँमा झरेको छ। व्यापार घाटामा आयातमा गरिको कडाईले सकारत्मक प्रभाव परेपनि राजस्वमा भने दवाव सिर्जन भएको छ। यो अवधिमा नेपालको छिमेकी मुलुक भारतसँग मात्रै २ खर्ब ८३ अर्ब ५८ करोड रुपैयाको व्यापार घाटा भएको छ। यो अवधिमा भारतबाट नेपालले ३ खर्ब २२ अर्ब रुपैयाँ बराबरको वस्तु आयात गरेको छ भने ३८ अर्ब रुपैयाँ बराबरको वस्तु निर्यात गरेको छ।

## ब्याजदरमा...

चुनावअघि नै ब्याजदर महाँगो भएको भन्दै उद्योगी व्यवसायीहरू आन्दोलनमा उत्रिएका थिए। व्यवसायीका संगठनहरूले ब्याजदर अत्याधिक महँगो भएको भन्दै केन्द्रिय बैंकको ध्यानाकर्षण समेत गराएका थिए। केन्द्रिय बैंकका गभर्नर महाप्रसाद अधिकारीले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत व्यवसायीको माग सम्बोधन गर्ने बताएका छन्। यसले गर्दा पनि केन्द्रिय बैंकले समीक्षामा केहि लचिलो नीति लिने तयारी गरेको हो।

बैंकहरूले निक्षेपको ब्याजदर बढाउदा कर्जाको ब्याजदर पनि अत्याधिक बढेको छ। अहिले नयाँ कर्जा लिनको लागि १४-१५ प्रतिशत ब्याजदर तिर्नुपर्ने हुन्छ। जसले गर्दा बैंकहरूको कर्जा लगानी समेत बढेको छैन। अहिले महँगो ब्याजदरमा कर्जा लिएर व्यवसाय चलाउन नसकिने ब्यावसायीहरूले बताउँदै आएका छन्। यसले गर्दा चालु आर्थिक वर्षको चार महिना वितिसक्दा पनि १ प्रतिशत मात्रै कर्जा लगानी भएको छ। मंसिर महिनामा पनि वाणिज्य बैंकहरूले निक्षेपमा ब्याजदर घटाएका छैनन्। विकास बैंक र फाइनान्स कम्पनीहरूले केहि घटाएको भए पनि वाणिज्य बैंकहरूले भने केन्द्रिय बैंकको पहिलो त्रैमासिक समीक्षा हेरेर मात्र ब्याजदर परिवर्तन गर्ने भन्दै कात्तिककै ब्याजदरलाई निरन्तरता दिएका छन्।

## सिड्नीमा...

बसाउनको निम्ति महत्त्वपूर्ण हुने बताए। अस्ट्रेलियन समुदायमा बढ्दै गइरहेको नेपाली जनसंख्यालाई मध्यनजर गर्दै यस प्रकारका सांस्कृतिक पर्वले नेपाली पहिचान र मौलिकताको विकासमा टेवा पुग्ने मात्र नभएर नेपालमा पर्यटन प्रवर्द्धनमा पनि भूमिका खेल्ने उनको भनाइ छ। प्रत्येक २ वर्षमा आयोजना हुँदै आएको नेपाली विविधता र नेपाली मौलिक पन बोकेको नेपाली मेलाले यहाा हुर्कंदै गरेका ससाना बालबालिकाहरूलाई पनि विभिन्न नेपाली कला संस्कृतिको पहिचान गराउन मद्दत पुग्ने एनआरएनए अस्ट्रेलिया अध्यक्ष नन्द गुरुङले बताए। कार्यक्रममा प्रकाश सपुत, गायक दीपक बज्राचार्य, सन्दिप क्षेत्री तथा रिदम ब्यान्डले प्रस्तुति दिएका थिए।

## समानुपातिक...

प्रजातन्त्र पार्टीले एक लाख २३ हजार नौ सय ९, जनता समाजवादी पार्टी, नेपालले ५७ हजार नौ सय १०, मत पाएका छन्। नेपाल मजदुर किसान पार्टीले ४२ हजार चार सय ५७, जनमत पार्टीले २८ हजार तीन सय ४४, नेकपा (एकीकृत समाजवादी) ले २८ हजार तीन सय ७६ र नागरिक उन्मुक्ति पार्टीले २५ हजार छ सय १६ मत ल्याएको छ।

साना दलहरूको जोड्दा ९८ हजार पाँच सय १९ मत आएको छ। प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा ६१ प्रतिशत मतदान भएको निर्वाचन आयोगको प्रारम्भिक अनुमान अनुसार समानुपातिक प्रणालीमा दलहरूले सिट पाउनका लागि तीन लाख २० हजार बढी मत ल्याउनुपर्ने छ। प्रदेश सभा सदस्य समानुपातिकतर्फ पनि एमाले नै अग्रस्थानमा देखिएको छ। चार प्रदेशमा एमाले, दुई प्रदेशमा कांग्रेस र एक प्रदेशमा माओवादी अगाडि देखिएको छ।